# 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्र (५१०-१) को प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

शान्ति सुवेदी

रोल नं. : ३५/०६३

परीक्षा क्रमाङ्क : ३६४८

त्रि.वि. दर्ता नं. : ६-१-४८-९३१-९६

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण क्याम्पस

नेपाली विभाग

पोखरा


२०७१


तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन

शान्ति सुवेदी

२०७१

# शोध निर्देशकको सिफारिस

प्रस्तुत **'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह द्वितीय वर्षका छात्रा **शान्ति सुवेदी**ले मेरो निर्देशनमा तयार पार्नु भएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सम्बद्ध निकायमा सिफारिस गर्दछु ।

मिति : २७-०३-२०१५ ई. (वि.सं. २०७१।१२।१३)

चूडामणि खनाल
शोध निर्देशक
सहप्राध्यापक
पृथ्वीनारायण क्याम्पस
नेपाली विभाग
पोखरा

**नेपाली विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा **शान्ति सुवेदी**ले दसौं पत्र (५१०-१) को प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | प्रा.डा. विष्णु प्रसाद पौडेल | ........................... |
| २. | विशेषज्ञ | ............................. | ............................. |
| ३. | शोध-निर्देशक | चूडामणि खनाल | ............................. |

मिति :

# कृतज्ञता ज्ञापन

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारेकी हुँ । आफ्नो अमूल्य समय उपलब्ध गराई मलाई प्रत्येक कदम कदममा कत्ति झन्झट नमानी पथ प्रदर्शन गर्दै कुशल निर्देशन गर्नुहुने शोध निर्देशक पृथ्वीनारायण क्याम्पसका आदरणीय गुरु चूडामणि खनालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्ने क्रममा शोध प्रस्तावको स्वीकृतिदेखि शोधपत्रको अन्त्यसम्म आवश्यक सरसल्लाह, सुझाव दिई सहयोग गर्नुहुने पृथ्वीनारायण क्याम्पस नेपाली विभागका प्रमुख प्रा.डा. विष्णुप्रसाद पौडेलज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधकार्य गर्ने क्रममा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नु हुने साथीहरू र अन्य सबैप्रति आभारी छु ।

यस शोधकार्यका लागि नभई नहुने महत्त्वपूर्ण सामग्रीहरू उपलब्ध गराई सहयोग गर्नु हुने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय परिवार एवम् पारिजात स्मृति प्रतिष्ठानकी अध्यक्ष सुकन्या वाइवाप्रति पनि हार्दिक धन्यवाद प्रकट गर्दछु । यस शोधपत्रको पाद टिप्पणी र सन्दर्भ ग्रन्थ सूचीमा वर्णित कृतिका विद्वान्, लेखक, सम्पादक र प्रकाशकहरूलाई पनि म धन्यवाद दिन्छु ।

यस शोधपत्रलाई यथाशक्य शुद्धसँग टङ्कन गरिदिनु हुने श्रेष्ठ कम्प्युटर सर्भिस पोखराका ईश्वर श्रेष्ठलाई पनि हार्दिक धन्यवाद दिन्छु ।

मिति : १७-०३-२०१५ ई. (वि.सं. २०७१।१२।१३)

शान्ति सुवेदी
शोधार्थी

# विषय सूची

## परिच्छेद एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ शोध शीर्षक २

१.३ शोधकार्य प्रयोजन २

१.४ समस्याकथन २

१.५ शोधकार्यको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ शोधकार्यको औचित्य ५

१.८ शोधकार्यको क्षेत्र र सीमा ६

१.९ सामग्री सङ्कलन र शोधविधि ६

१.१० शोधपत्रको रूपरेखा ६


## परिच्छेद दुई

## उपन्यासको सैद्धान्तिक परिचय


२.१ उपन्यासको सैद्धान्तिक परिचय ७

२.२ उपन्यास शब्दको व्युत्पत्ति र अर्थ ७

२.३ उपन्यासको परिभाषा ८

२.४ उपन्यासका तत्त्व वा उपकरणहरू १०

२.४.१ कथानक १०

२.४.२ चरित्र/पात्र ११

२.४.३ परिवेश १२

२.४.४ दृष्टिविन्दु १३

२.४.५ भाषाशैली १४

२.४.६ उद्देश्य वा जीवन दर्शन १५

## परिच्छेद तीन

## साहित्यकार पारिजातको सङ्क्षिप्त परिचय र 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासपूर्वको प्रगतिवादी नेपाली उपन्यास परम्परा


३.१ साहित्यकार पारिजातको सङ्क्षिप्त परिचय १६

३.२ 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास पूर्वको प्रगतिवादी नेपाली उपन्यास परम्परा १९


## परिच्छेद चार

## उपन्यासको तत्त्वगत आधारमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको विश्लेषण


४.१ पृष्ठभूमि २१

४.२ 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको शीर्षक विधान २१

४.३ 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको संरचना २२

४.३.१ बाह्‌य संरचना २३

४.३.२ आन्तरिक संरचना २४

४.३.२.१ कथानक २६

४.३.२.१.१. कथानकको वस्तुचयन २९

४.३.२.१.२ कथानकमा द्वन्द्व र कुतूहलता ३०

४.३.२.१.३ कथानकको आङ्गिक विकास ३३

४.३.२.२ चरित्र/चरित्रचित्रण ३६

४.३.२.३ परिवेश ४६

४.३.२.४ दृष्टिविन्दु ४८

४.३.२.५ उपन्यासको भाषाशैली र अभिव्यक्ति सौन्दर्य ४९

४.३.२.६ उपन्यासको उद्देश्य वा जीवन दर्शन ५३


## परिच्छेद पाँच


**उपसंहार** ५७

सन्दर्भ सूची

## परिच्छेद एक

# शोध परिचय

### १.१ विषय परिचय

उपन्यासकार पारिजात नेपाली साहित्याकाशकी एक उज्ज्वल नक्षत्र हुन् । वि.सं. २०१३ मा 'धरती' पत्रिकामा प्रकाशित कविताहरूका माध्यमबाट नेपाली साहित्यकाशमा प्रवेश गरेकी पारिजातले कविता, कथा, उपन्यास, आत्मसंस्मरण आदि विविध विधामा सफलतापूर्वक कलम चलाएर आफूलाई बहुमुखी प्रतिभाका रूपमा स्थापित गरिन् । थुप्रै औपन्यासिक अभ्यासहरू गरेपश्चात् मात्र 'शिरीषको फूल' (२०२२) उपन्यास लिएर नेपाली उपन्यास जगत्मा देखापरेकी पारिजात विसङ्गतिवादी अस्तित्ववादी धाराबाट नवअराजकतावादी हुँदै प्रगतिवादी धाराको शिखरमा चढ्न सफल भएकी हुन् । वि.सं. २०३३ सालमा राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित पारिजातको चौथो उपन्यास 'तोरीबारी, बाटा र सपनाहरू' यात्रासंस्मरणात्मक शैलीमा लेखिएको र कालक्रममा उत्तरार्द्धको पहिलो र छोटो आकारको रचना हो । यस उपन्यासमा सग्लो कथानक छैन, तर सन्दर्भहरूका फूलहरूलाई यात्रारूपी धागामा उनेर स्वरूप प्रदान गरिएको छ । यस उपन्यासमा नेपाली भूगोलका र विभिन्न समाजका ग्रामीण तथा शहरिया जनजीवनका यथार्थहरूलाई कथ्यको केन्द्रविन्दु बनाइएको छ । उपन्यासमा भिन्न भिन्न परिवेश र पात्रको सिर्जना गरेर त्यस बेलामा देशमा विद्यमान सामाजिक स्थिति, धार्मिक आडम्बर, सांस्कृतिक अन्धविश्वास, नारीशोषण, पूँजीवादी हैकम, सामन्ती दमन, आर्थिक विपन्नता, जातीय भेदभाव, अशिक्षा, अभावजस्ता यथार्थको उद्घाटन गर्दै आत्मनिर्भरताको पाठ पढाउने प्रयास भएको छ । त्यसैले यस उपन्यासलाई प्रगतिवादी उपन्यासका रूपमा लिन सकिन्छ । प्रस्तुत शोध कार्यको विषय यही 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिगत तत्त्वका आधारमा अध्ययन गर्नु रहेको छ ।

## १.२ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।**

## १.३ शोधकार्य प्रयोजन

प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गतको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-१) को आवश्यकता परिपूर्ति गर्ने प्रयोजन पूरा गर्नु रहेको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधको समस्या पारिजातको 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन गरी पारिजातको उपन्यासकारिताको उचाइको निरूपण गर्नु रहेको छ । यहाँ यस उपन्यासमा स्थापित सैद्धान्तिक धारणा प्रस्तुत गरी विविध कोणबाट उपन्यासको अध्ययन गरिएको छ । यस शोधका समस्याहरू निम्न रहेका छन् :

- उपन्यासको आधारभूत सैद्धान्तिक स्वरूप के हो ?
- पारिजातको साहित्यिक यात्रा के कसरी विकास हुँदै आएको छ ?
- 'तोरीबारी बाटा र सपनाहरू उपन्यासपूर्वको प्रगतिवादी नेपाली उपन्यास परम्परा के कस्तो छ ?
- उपन्यासको सैद्धान्तिक मान्यताका आधारमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास कस्तो देखिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोध उपन्यासका सैद्धान्तिक स्वरूपका आधारमा पारिजातको 'तोरीबारी बाटा र सपनाहरू' उपन्यासको तथ्य र तर्कसङ्गत अध्ययन गर्दै यस उपन्यासको सामर्थ्य निर्क्यौल गर्नतर्फ लक्षित रहेको छ, त्यसैले माथि उल्लिखित समस्याहरूको समाधान निम्नानुसार खोजिएको छ :

- उपन्यासको आधारभूत स्वरूप प्रस्तुत गर्नु,
- साहित्यकार पारिजातको साहित्यिक विकासको यात्रा उल्लेख गर्नु,
- 'तोरीबारी बाटा र सपनाहरू' उपन्यासपूर्वको प्रगतिवादी नेपाली उपन्यास परम्परा देखाउनु,
- उपन्यासको सैद्धान्तिक मान्यताका आधारमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

'शिरीषको फूल' जस्तो विसङ्गतिवादी उपन्यास लिएर नेपाली उपन्यास क्षेत्रमा देखापरेकी पारिजातको 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा समाजको यथार्थको धरातलमा ओर्लने क्रममा वि.सं. २०३३ सालमा प्रकाशित उपन्यास हो । उनको 'शिरीषको फूल', 'महत्ताहीन', 'बैंसको मान्छे', र 'परिभाषित आँखाहरू' को उचाइ छुन नसकेको भन्दै ओझेलमा पारि राखिएको कृति भएको ठान्दै यसमा विस्तृत अध्ययन र विश्लेषण नभए तापनि यस उपन्यास सम्बन्धी अभिव्यक्त विद्वान्हरूका विचारहरूलाई यहाँ कालक्रमिक रूपमा समेट्ने प्रयास गरिएको छ :

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५८) मा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा पञ्चायती व्यवस्थाको आतङ्क छाइरहेको बेलाको सजीव चित्रण छ भन्दै नेपाली शोषित जनताले भोग्नुपरेका समस्याहरूको प्रस्तुति र तिनको आलोचनात्मक स्वच्छन्द रूप यसमा रहेको बतएका छन् । यसरी नै उनको यस उपन्यासलाई आलोचनात्मक यथार्थवादी दृष्टिकोणबाट हेर्दै समाजवादी दृष्टिले सबल विकास भइनसकेको, पात्रहरूको स्वच्छन्द क्रान्तिकारिताको प्रदर्शनमा रमेको सामाजिक शोषण राजनीतिक भ्रष्टाचार तथा मानवीयताको विघटनलाई हेरिएको तर स्पष्ट दिशा निर्देश नगरिएको उपन्यासको रूपमा लिन सकिने विचार व्यक्त गर्दै अस्तित्ववादी निस्सारतावादी चिन्तनपछि समाजवादी यथार्थतिर उन्मुख प्रवृत्ति रहेको कुरा व्यक्त गरेका छन् । उक्त टिप्पणीले यस उपन्यासको कथ्यलाई स्पस्ट पार्न नसकेको अनुभव हुन्छ ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०६१) नामक पुस्तकमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको विद्वत्वृत्ति अन्तर्गत लेखिएको हुनाले यहाँ वैचारिक सोझो प्रतिष्ठापन गर्न अनुकूल नमिल्न सक्छ। अर्कोतर्फ खण्डित हुन नदिने सजगता पनि गुमाउन मनासिव नलागेको मानसिकताभित्रको उपजजस्ता सङ्कट वा समस्यामाझ गरिएको सम्झौता भनेर चित्त बुझाउन सकिन्छ भन्ने कुरा व्यक्त गरेर पारिजातले यो उपन्यास प्रगतिवादी मोडमा लेखेको कुरा व्यक्त गरेका छन् । प्रधानको यस टिप्पणीले पनि यस उपन्यासलाई तत्वगत रूपमा बुझाउन सकेको देखिदैन ।

कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञावलीले **'आख्यानकार पारिजात समालोचना ग्रन्थ'** (२०६४) मा 'तोरीबारी, बाटा र सपनाहरू' यात्रासंस्मरणात्मक शैलीमा लेखिएको, नेपाली भूगोलका र विभिन्न समाजका ग्रामीण तथा शहरिया जनजीवनका यथार्थहरूलाई कथ्यको केन्द्रविन्दु बनाइएको र सामाजिक विकृति, विसङ्गतिमाथि तीखो आँखा गाड्दै व्यङ्ग्यप्रहार गर्नुका साथै त्यस्तो हुनुका कारणहरूबारे धेरै हदसम्म वस्तुवादी विश्लेषण गरी ध्वन्यात्मक अभिव्यक्ति दिनु उपन्यासको उद्देश्य रहेको चर्चा गरेका छन् ।

राजेन्द्र सुवेदीले **'नेपाली उपन्यास परम्परा र प्रवृत्ति'** (२०६४) पुस्तकमा समालोचक 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासले प्रगतिवादी विन्दुमा प्राप्त गरेको कलात्मक मूल्यहरू कमजोर भए तापनि जीवनसापेक्ष मूल्य चिन्तनका दृष्टिले उच्च र सफल ठहर्छन् भन्दै यसको विषयवस्तु २०३२/२०३३ सालमा राजनीतिक व्यवस्थाका आडमा फस्टाएको हत्या, बलात्कार, डकैती र मारमुङ्ग्रीजस्ता विकृति र आतङ्कहरू विकराल भएर आएका नेपालीहरू नेपालभित्र आगमन गर्दाको असुरक्षा, सरकारी तहबाट थालिएका अभियान, पदर्शनी र उत्सव समारोहमुखी कार्यक्रमहरू एकातिर र अर्कातिर श्रमिकहरूको दयनिय अवस्था, नेपाली समाजका दर्जनौं विद्यालय उमेरका बालकहरू टोलटोलमा दिनभर बेवारिसे पाराले भौंतारिने जस्ता कुराहरू उपन्यासको कथानकमा आएको उल्लेख गरेका छन् ।

भवानीप्रसाद पाण्डेको **'पारिजातका उपन्यासमा समाजवादी यथार्थवादी उपन्यास'** (२०६४) मा पारिजातको 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासलाई उनका पूर्व

उपन्यासहरूको सापेक्षतामा कमजोर रहे तापनि समाजवादी यथार्थवाद प्रवेशद्वारको रूपमा हेरेका छन् र यस उपन्यासमा "जीवनका यथार्थहरूलाई कथ्य विन्दु बनाई सामाजिक विकृति र विसङ्गतिमाथि तीखो व्यङ्ग्य प्रहार गरिएको कार्यकारण सम्बन्धको वस्तुवादी विश्लेषण गरी प्रशस्त ध्वन्यात्मक अभिव्यक्तिहरू दिएको सग्लो कथावस्तु नभए पनि विविध वस्तुवादी सन्दर्भका फूलहरूलाई यात्राको धागामा उनेर एउटा उपन्यासको स्वरूप दिएको, मुख्य पात्र भोक्ताभन्दा द्रष्टाका रूपमा आएको, समाजवादी यथार्थवादी मान्यता अनुसार समाजलाई बुझ्ने, विश्लेषण गर्ने र रूपान्तरण गर्ने कार्यमध्ये पहिलो र दोस्रो कार्यमा पूर्णता पाएको तेस्रो सङ्केत दिने, व्यङ्ग्यमा हास्यको भन्दा विद्रोहको स्वर ज्यादा भएको नेपाली उपन्यास परम्परा र उनकै उपन्यासात्मक कलाभन्दा भिन्न रहेको, संयोजन कला र द्वन्द्व निर्माणमा कम सफलता मिले पनि जीवन दर्शन स्थितिबोध र यथार्थ विश्लेषणका आधारमा सफल देखिने समाजवादी यथार्थवादी उपन्यासको कोटीमा रहेको विचार प्रकट गरेका छन् ।

नानीमाया पौडेलले **'पारिजातको उपन्यासमा विसङ्गतिवाद'** शोधपत्रमा "पञ्चायती व्यवस्थाको विकास भएको त्यस समयमा माफ्तीटारे ठिटो, लोग्नेबाट टाढिएकी महिला, आर्थिक सङ्कट भोगिरहेका बूढाहरूले भोगेको जीवन हेर्दा विसङ्गतिको झलक अनुभव गर्ने कुराको चर्चा गरेकी छन् ।

माथि उल्लेख गरिएका व्यक्तित्वका टीकाटिप्पणीहरूले औपन्यासिक उपकरण प्रयोग गरी कृतिको मूल्याङ्कन गर्ने काम गरेका छैनन्, सम्पूर्ण उपन्यासमा वर्णित विषयवस्तु, पात्रको अभिव्यक्तिको सतही वर्णन मात्र गरिएको तथा कुनै एक तत्वगत आधारमा कृतिलाई हेर्ने काम गरिएको छ। त्यसैले यहाँ उपन्यासको सैद्धान्तिक मान्यतालाई आधार मानेर प्रस्तुत 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको विश्लेषण गरी यस उपन्यासको मूल्य र महत्त्व स्थापित गर्ने कोशिस गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन गरी तथ्य र तर्कसम्मत रूपमा वस्तुगत परीक्षण गरेर निष्कर्ष, निकाल्ने काम यसभन्दा पूर्व नभएको हुँदा औपन्यासिक मान्यता आधारमा शोध गर्नु नै यसको मुख्य औचित्य रहेको छ ।

पारिजातका अन्य उपन्यासहरू जस्तै यस उपन्यासले पनि राखेका दृष्टिकोणहरू स्पष्ट रूपमा बाहिर ल्याउनु र नेपाली समालोचनाको विकासलाई केही टेवा पुऱ्याउनु पनि यसका औचित्यका आधार हुन् ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

पारिजात बहुमुखी प्रतिभाकी धनी साहित्यकार हुन् । उनीद्वारा रचना गरिएका विभिन्न साहित्यिक कृतिहरूमध्ये 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययन औपन्यासिक उपकरणका आधारमा गर्नु यस शोध कार्यको उद्देश्य हो । त्यसैले उपन्यासका तत्त्वका आधारमा यस उपन्यासको अध्ययन र विश्लेषण गर्नु नै प्रस्तुत शोध कार्यको क्षेत्र हो र त्यस बाहेक अन्य कोणबाट अध्ययन नगर्नु यसको सीमा हो ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोध कार्यका निम्ति मूलतः पुस्तकालयीय अध्ययन विधिका आधारमा सम्बद्ध पुस्तक, पत्रपत्रिका, समीक्षात्मक लेख आदि सामग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधकार्य 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कृतिपरक अध्ययनमा केन्द्रित रहेको हुँदा औपन्यासिक उपकरणलाई मुख्य आधार बनाई विश्लेषणात्मक, वर्णनात्मक तथा शैली वैज्ञानिक विश्लेषण पद्धतिलाई अँगालिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसारका परिच्छेदहरूमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपत्रको परिचय ।

परिच्छेद दुई : उपन्यासको सैद्धान्तिक परिचय ।

परिच्छेद तीन : साहित्यकार पारिजातको सङ्क्षिप्त परिचय र 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासपूर्वको प्रगतिवादी नेपाली उपन्यास परम्परा ।

परिच्छेद चार : औपन्यासिक उपकरणका आधारमा र 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको अध्ययन विश्लेषण ।

परिच्छेद पाँच : उपसंहार ।

# परिच्छेद दुई
# उपन्यासको सैद्धान्तिक परिचय

## २.१ उपन्यासको सैद्धान्तिक परिचय

साहित्यमा आख्यानबिधाका दुई रूप कथा र उपन्यास मध्ये लामो स्वरूपको एक रूप उपन्यास हो । आजको सामाजिक जीवनको साङ्गोपाङ्गो उपस्थापन गरी लोकप्रियता कमाएको यसै उपन्यासको सैद्धान्तिक परिचय यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.२ उपन्यास शब्दको व्युत्पत्ति र अर्थ

समाजको समसामयिक यथार्थलाई प्रस्तुत गर्ने एक सशक्त साहित्यिक विधाका रूपमा उपन्यासलाई लिन सकिन्छ। साहित्यका विविध विधामध्ये उपन्यास सबैभन्दा पछाडि जन्मिएको विधा हो। "नयाँ साहित्यिक विधाको रूपमा उपन्यास देखिए तापनि उपन्यास शब्दको प्रयोग झन्डै तेईस सय वर्षअघि नै भरतमुनिको नाट्यशास्त्रमा प्रयोग भएको थियो ।" (प्रधान, २०६१:१३) उपन्यास शब्द अस् धातुमा उप र नि उपसर्ग तथा अ प्रत्यय लागेर बनेको पाइन्छ, जसको अर्थ समीपमा राखिनु हुन्छ ।

यसरी पूर्वमा उपन्यास र पश्चिममा नोबेल भनी चिनिएको यस बिधाको अध्ययन र विश्लेषण पाश्चात्य मान्यताका आधारमा गर्नु सान्दर्भिक देखिन्छ ।

पूर्वमा उपन्यासको संकेत पाइए तापनि वास्तवमा आजको उपन्यास विधा पश्चिमी साहित्यको देन हो । अङ्ग्रेजीमा यसलाई नोवल (Novel) भनिन्छ । यो ल्याटिन भाषाको नोवस (Novews) वा नोवेलस् (Novallows), फ्रान्सको नोवेला (Novella) र इटालीको नोबेल (Novelle) शब्दकै विकसित शब्दका रूपमा देखापर्छ । यसको सम्बन्ध मध्ययुगीन रोमान्ससँग पनि जोडिन्छ । थोरै यथार्थ प्रयोग गरिएको तथा रमाइला छोटा

रूपमा रचना गरिएको गद्यलेखनलाई इटालेली भाषामा नोवेला (Novella) भनिन्थ्यो भने यसकै प्रभावमा फ्रान्सेली भाषामा पनि त्यस्तै प्रकारका रचनालाई नोवेला (Novella) भनियो । नोवेल (Novel) शब्द प्रयोगमा आउनुभन्दा अघि जुनसुकै किसिमका कथालाई फिक्सन (Fiction) भनिन्थ्यो । जसको अर्थ आख्यान हुन्छ । अर्कातिर रोमन (Roman) बाट निस्केको रोमान्स (romance) ले पनि यस्तो आख्यानको अर्थ जाहेर गर्छ जुन असाधारण प्रेम कथाको हुन्छ । त्यसैलै असम्भव, दुर्लभ, असामान्यार्थक, रोमान्स र कल्पनात्मक फिक्सन दुबै केही न केही मात्रामा उपन्यासमा देखिने हुनाले यी दुवैसँग उपन्यासको सम्बन्ध भएकै मान्नुपर्छ । उपन्यासको प्रारूपलाई खोज्दै जाँदा त्यसको आदि बीज जापानी उपन्यासकार मुरासकी सिकिबु (सन् ९७८-१०१६) द्वारा लिखित 'गोन्जीका कथा' (The tale of Genji) मा पाउन सकिन्छ । इटालियन कथाकार गिओवानी बोकासियो (Giovanni Baccaccio) को डेकामेराँ कथाहरूको सङ्ग्रह रोचक, नवीन शैली र आकर्षकले गर्दा उत्कृष्ट नावेला (Novella) ठहरिन्छन् । यिनै इटालियन नोबेलबाट अङ्ग्रेजी नोवेल बनेको देखिन्छ (प्रधान, २०६१:१५) ।

रेनेसा पूर्वका उपन्यास अलौकिक, कल्पना र मनोविनोदपूर्ण पद्यात्मक रोमान्सहरूमा आधारित रहेका थिए । (प्रधान, २०६१:१७) । डानियल डिफोको सन् १७१९ मा प्रकाशित' रेविस्न क्रुसो' नामक आख्यानात्मक कृति नै पहिलो आधुनिक यथार्थवादी उपन्यास ठहर्न आउँछ । यसरी विकसित भएको पाश्चात्य उपन्यास परम्परा बीसौं शताब्दीदेखि विभिन्न वादहरू हुँदै अगाडि बढेको देखिन्छ ।

## २.३ उपन्यासको परिभाषा

उपन्यास शब्दको प्रयोग पूर्वीय साहित्यमा भए पनि यसको विकसित स्वरूप भने पाश्चात्य साहित्यमा भएको पाइन्छ । अठारौं शताब्दीमा रविनसन क्रुसोबाट उपन्यास भन्न सुहाउने खालको आख्यानात्मक कृतिले जन्म लियो । त्यसपछि विभिन्न साहित्यकारहरूले उपन्यास लेखेको पाइन्छ । यसरी सबैभन्दा पछाडि जन्मिएको उपन्यास अहिले सबैभन्दा लोकप्रिय विधाका रूपमा रहेको छ । उपन्यास मानवजीवनको यथार्थ चित्र प्रस्तुत गर्ने साहित्यिक विधा भएकाले यथार्थताको नजिक रहेर स्वरूपलाई प्रस्तुत

गर्नुपर्ने र मानव स्वभाव परिवर्तनशील भएकाले त्यसैको चित्र प्रस्तुत गर्दा यसको स्वरूपमा पनि स्वतः परिवर्तन आउने भएकाले एउटै परिभाषामा समेटिन असजिलो हुन्छ "उपन्यास विधा त झन् पछि जन्मिएको ले बन्धनहीन भई परिवर्तनशील भएकाले यसलाई कुनै एक परिभाषाभित्र समेटेर परिभाषित गर्नु अझ कठिन हुन्छ" (प्रधान, २०६१ : २) । तैपनि पाश्चात्य तथा पूर्वीय विद्वान्हरूले उपन्यासलाई आ-आफ्ना ढङ्गले चिनाउने प्रयास गरेका छन् । यहाँ पूर्वी तथा पश्चिमी विद्वान्हरूका केही परिभाषालाई प्रस्तुत गरिएको छ ।

**क) प्रेमचन्द्र :**

"म उपन्यासलाई मानवजीवनको चित्र मान्छु । मानवचरित्रमाथि प्रकाशन पार्नु र जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो" (सुवेदी, २०६४ : ११ मा उधृत) ।

**ख) द अक्सफोर्ड इङ्लिस डिक्सनरी :**

"उपन्यास ठिक्कको लम्वाइ भएको काल्पनिक आख्यान वा कथा हो , जो एउटै मात्र वा धेरै मात्रामा विस्तारित भएको हुन्छ, जहाँ चरित्रहरू र कार्यहरूले धेरै वा कम जटिलता भएको कथावस्तुको चित्रणभित्र वर्तमान वा विगत समयको वास्तविक जीवनको प्रतिनिधित्व गरेको हुन्छ (द अक्सफोर्ड इङ्लिस डिकसनरी, १९३९:१०३९)

**ग) दयाराम श्रेष्ठ र मोहनराज शर्मा :**

"बहुविधा संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परम्परा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ " (श्रेष्ठ र शर्मा, २०६९ : ९४)

**घ) डब्लु. एच. हडसन :**

"नरनारीका जीवनको कार्य र भावनाको भव्य चित्रणलाई उपन्यास मानेको पाइन्छ । " (पौडेल, २०६८ : ५ मा उधृत)

ङ)	**विष्णु प्रसाद पौडेल :**

"उपन्यास वर्तमान युग जीवनका विविध रहस्यलाई अत्यन्त सहजताका साथ मुखर गर्ने यथार्थ केन्द्री कल्पनायुक्त र मानवतावादी त्यस्तो विस्तृत गद्याख्यान हो, जसमा सृजनात्मक कलाका अनेक रूपको उपयोग सम्भव छ" (पौडेल, २०६८ : ६) ।

यस प्रकारले उपन्यासलाई जीवनको नवीन रस सृजना गर्ने वस्तुका रूपमा लिने गरिन्छ । जीवनका यथार्थ चित्रणका प्रस्तुतिहरू, जीवनका क्रियाकलापहरूलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घटनाको प्रयोग गरिएको हुन्छ । पात्रहरूको यथार्थ जीवन पनि प्रस्तुत गरिएको हुन्छ । संरचनाका दृष्टिले कथाझैं उपन्यासको पनि आफ्नै स्थापत्यकला हुन्छ । जसभित्र पात्रको मानसिक जीवनको चित्रण, द्वन्द्व, क्रियाव्यापार, प्रतीक तथा विम्ब भावपरिमण्डल, रूपविन्यास कथायोजना आदि सबै पर्दछन् भने समय र स्थानको सीमामा नबाँधिएको र व्यापक परिवेश, पात्र, भावभूमि आदि समेटिएको हुन्छ ।

समग्रमा उपन्यास साहित्यिक विधाहरूमध्ये बिस्तृत कथानक भएको एउटा गद्याख्यान  हो । जसमा बृहत् जीवनजगत्को चित्रण गरिएको हुन्छ । स्वयम्मा पूर्णरचना भएको चरित्रहरूको यथार्थ चित्रण गरिने यथार्थ र कल्पनाको सुन्दर समायोजन गरिएको महाकाव्यको समकक्षी विधा हो । उल्लिखित पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका परिभाषाहरूलाई हेर्दा एकरूपता देखिँदैन फरकफरक समयमा दिएको उपन्यासको परिभाषाले समग्र उपन्यासको स्वरूपलाई समेट्न नसकेको देखिन्छ ।

## २.४ उपन्यासका तत्त्व वा उपकरणहरू

उपन्यास निर्माण हुन केही तत्त्वहरू अनिवार्य देखिन्छन् । उपन्यासको संरचक तत्त्वहरूको बारेमा धेरै विद्वान्हरूले आआफ्नै ढङ्गले व्याख्या गर्ने गरेता पनि अधिकांशले कथानक, चरित्र चित्रण, दृष्टिविन्दु, परिवेश, उद्देश्य वा जीवनदर्शन, र भाषाशैली पर्दछन् भन्ने कुरामा सहमत देखिन्छन् । जसलाई निम्नानुसार चर्चा गरिएको छ :

### २.४.१ कथानक

उपन्यास आख्यानात्मक विधा भएकाले यसमा कथानकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । पात्र र घटनाको बीच कार्यकारण भाव सम्बन्ध भई विकास भएको योजनाबद्ध

ढाँचा नै कथानक हो । "कथालाई मेरुदण्ड मानेर जीवित रहने विधा भएकाले यसमा आख्यानपक्ष अनिवार्य रहन्छ । त्यसकारण कथाले जस्तै उपन्यासले पनि कथानक पक्षको अपेक्षा गर्दछ" (सुवेदी, २०६४: १८) हुन त हिजोआज मनोवैज्ञानिक र मनोविश्लेषणको बढ्दो स्थितिले गर्दा उपन्यासलाई अकथात्मक या चरित्रलाई विशेष जोड दिन खोजेको पाइन्छ । तर उपन्यास आख्यानधर्मी विधा भएकाले कथावस्तुलाई त्याग्न भने सकिँदैन, किनकि सक्षम कथानक भएको उपन्यासले जति सफलता एवम् महत्त्व प्राप्त गर्न सक्छ, त्यति क्षण कथावस्तु भएको उपन्यासले त्यो स्थिति प्राप्त गर्न सक्ला भन्ने ठहर गर्न सकिँदैन । यसर्थ, कथावस्तुको प्रयोग उपन्यासमा प्रत्यक्ष वा परोक्ष रूपमा महत्त्वपूर्ण ठहर्छ ।

अङ्ग्रेजी शब्दको 'प्लट' को पर्यायका रूपमा नेपाली भाषामा कथानक आएको छ । यसको सङ्गठन पनि विविध किसिमको हुन्छ । उपन्यास आदि, मध्य, र अन्त्यको क्रममा देखिए रैखिक कथानक भनिन्छ भने यदि सोभन्दा भिन्न क्रममा आएको खण्डमा व्यतिक्रम भनिन्छ । कथावस्तुका स्रोतहरू इतिहास, यथार्थ, रागात्मक र स्वैरकल्पना, पौराणिक, राजनीतिक, सांस्कृतिक आदि हुन सक्छन् ।

## २.४.२ चरित्र/पात्र

उपन्यासको कथानकलाई अगाडि बढाउने मानवीय वा मानेवतर प्राणीलाई चरित्र भनिन्छ । चरित्रले उपन्यासमा रहेको कथ्यवस्तुलाई चलायमान बनाई क्रमिक विकास गर्दै अगाडि बढ्छ । त्यसैले चरित्रहरूको कार्यकलापबाट कथानक वा घटना गतिशील हुने गर्दछ । उपन्यासको संरचनाका लागि महत्त्वपूर्ण तत्त्वका रूपमा चरित्रलाई लिन सकिन्छ ।

अङ्ग्रेजी 'कयारेक्टर' शब्दले जुन अर्थ बुझाउँछ, यसलाई नेपालीमा चरित्र (पात्र/क्रियाकलाप/कार्यकलाप आदिले चिनाउने प्रयास गरिएको छ । उपन्यासमा मानवीय वा मानवेतर चरित्र जुनसुकै प्रयोग गरे पनि त्यसले समाज र जीवनको प्रतिविम्बन गरेको हुनुपर्दछ । पात्र वा चरित्रका माध्यमबाट नै उपन्यासकारले आफ्ना विचार वा चिन्तनलाई प्रस्तुत गर्ने काम गरेका हुन्छन् । उपन्यासमा चरित्रचित्रण कथानक र नाटकीय शैली अपनाइन्छ । मान्छेका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै

उद्‌घाटित भएका हुन्छन् । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याएको वस्तु चरित्र हो । यसरी पाठकसम्म सम्प्रेषण गर्ने जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र नै प्रमुख भएर रहेको हुन्छ ।

उपन्यासलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

लिङ्गका आधारमा- पुलिङ्ग/स्त्रीलिङ्ग

कार्यका आधारमा - प्रमुख/सहायक/गौण

प्रवृत्तिको आधारमा - अनुकूल/प्रतिकूल

स्वभावका आधारमा- गतिशील/गतिहीन

जीवनचेतनाका आधारमा - वर्गीय/व्यक्तिगत

आबद्धताका आधारमा- बद्ध/मुक्त

आसन्नताका आधारमा - नेपथ्य/मञ्चीय

लेखकले उपन्यासमा जुटाएका सामग्रीहरूको उपयोग पात्रहरूले गर्छ । घटनाहरूका उद्‌घाटन पनि चरित्र हुन्छन् भने चरित्रचित्रणको प्रभावकारी पूर्णतामा उद्देश्य वा जीवन दर्शनको पुष्टि हुन्छ । चरित्रचित्रणको आधारमा एकातिर कथानक गतिशील हुन्छ भने अर्कातिर चरित्रको सजीवतामा कथानक आकर्षक र प्रभावकारी हुन्छ । चरित्रचित्रणका कारणले उपन्यास विधा जीवनको यथार्थ चित्रणमा समर्थ हुन्छ भने चरित्र पनि उपन्यासको महत्त्वपूर्ण उपकरण हो ।

## २.४.३ परिवेश

परिवेश भन्नाले देश, काल र वातावरण बुझिन्छ । उपन्यासमा पात्रहरूले कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । यसरी कथानकलाई अगाडि बढाउने मानवीय वा मानवेतर पात्रले उभिने आधार भूमिलाई देश, त्यस समयलाई काल र त्यसको वरपरको आन्तरिक र बाह्य स्थितिलाई परिवेश भन्ने गरिन्छ । उपन्यासलाई यथार्थमूलक र सजीव तुल्याउनाका निम्ति वातावरण पनि एक महत्त्वपूर्ण संरचक तत्त्व हो ।  परिवेशले उपन्यासको कथावस्तु र चरित्रमा स्वाभाविकता र यथार्थताको गुण निर्वाह गरेको हुन्छ । भौगोलिक विशेषताले कतिपय

संस्कारहरू पनि बोकेका हुन्छन् किनभने मान्छेले बाह्य संसार र आन्तरिक संसार (चेतना) का बीच समन्वय स्थापना गरिरहेको हुन्छ । त्यसैले देशकालको साँघुरोपना तथा चरित्रहरूको त्यसमा रहने भिजाइले उपन्यासमा आञ्चलिकताको आभास गराउँछ । उपन्यासमा दृश्यात्मक पद्धतिका माध्यमबाट चित्रण गर्दा देशकालको प्रस्तुति हुन्छ । औपन्यासिक कार्यव्यापारको यथार्थ प्रभाव सिर्जना गर्न परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छाड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासमा कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन, र तिनको परितृप्ति नै वातावरण हो ।

परिवेशको निर्माण देशकालमा घट्ने घटना, दृश्य वा चरित्रहरूको कार्यबाट हुन्छ । देशकाल स्थानिक र कालिक हुन्छ भने वातावरण मानसिक हुन्छ । परिवेशको प्रस्तुतिले औपन्यासिक कथानक विश्वसनीय बनाउन, चारित्रिक यथार्थताको पुष्टि गर्न र औपन्यासिक प्रभाव सिर्जना गर्न महत्त्वपूर्ण सहयोग गरेको हुन्छ ।

## २.४.४ दृष्टिविन्दु

"आख्यानको कथकलाई दृष्टिबिन्दु भनिन्छ" (पौडेल, २०६८ : १३) उपन्यासमा कथयिताले कथा वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ  दृष्टिविन्दु हो । आख्यानको कथन, समाख्याता व्यक्ति वा पात्रलाई पनि दृष्टिविन्दुका रूपमा चिनाउने गरिन्छ । यसबाट कृतिमा आख्यानको उपस्थापन पद्धति र कथन भूमिका के कस्तो  छ भन्ने कुरा बोध गर्न सजिलो हुन्छ ।

दृष्टिविन्दुलाई तत्त्वका रूपमा मात्र नभई शैलीका रूपमा स्वीकार गरिनु हुदैन र अन्य उपकरणहरू चलायमान नहुने हुँदा दृष्टिविन्दु पनि उपन्यासको उपकरण हो । उपन्यासमा दृष्टिविन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् ।

प्रथम पुरुष (म, हामी) का रूपमा देखिने दृष्टिविन्दुलाई आन्तरिक दृष्टिविन्दु भनिन्छ । यसअन्तर्गत केन्द्रीय दृष्टिविन्दुमा कथावाचन गर्ने प्रथम पुरुष पात्र नै उपन्यासको मुख्य पात्रको रूपमा रहेको हुन्छ भने परिधीय दृष्टिविन्दुमा कथा वाचन गर्ने

प्रथमपुरुष पात्र गौण भूमिकामा रही अन्य कुनै मुख्य पात्रलाई प्रस्तुत गर्ने माध्यमको रूपमा भूमिका खेल्दछ ।

तृतीय पुरुषका रूपमा आउने ऊ, त्यो, यो वा विभिन्न व्यक्तिवाचक नामलाई बाह्य दृष्टिविन्दु भनिन्छ । यसअन्तर्गत सर्वदर्शी दृष्टिविन्दुमा उपन्यासकारले प्रायः सबै पात्रका भावना प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ सीमित दृष्टिविन्दुमा केवल एकमात्र पात्रको मानसिक संसारका विचरण गरिएको हुन्छ । वस्तुपरक दृष्टिविन्दुमा चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन ।

## २.४.५ भाषाशैली

भाषाशैली उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि उपन्यासलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका निम्ति भाषाशैलीका महत्त्वपूर्ण भूमिका हुन्छ । उपन्यास वर्णनात्मक साहित्यिक विधा भएकाले यसका लागि भाषा अनिवार्य हुन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ र यो लेखकीय स्तरअनुरूप बढी कलात्मक र औपचारिक हुन्छ भने दोस्रो प्रकारको भाषा पात्रका स्तरअनुरूप हुनुका साथै बढी अनौपचारिक अर्थात् बोलचालको भाषा प्रयोग गरिएको हुन्छ । उपन्यसामा पात्र पात्रका बीचमा आफ्ना आफ्ना विचार, भावना र हर्षविषाद, उल्लासविष्मय, करुणा, क्रोध आदि मनोरोगहरूलाई व्यक्त गर्नाका लागि हुने पारम्परिक वार्तालाप गरिएको हुन्छ ।

भाषाको माध्यमबाट लेखकले अभिव्यक्त गर्ने ढङ्गमा अनेकता हुन्छ । आफूले अभिव्यक्त गर्न खोजेको कुरालाई लेखकले आफ्नो कला र सिपले भाषालाई सिँगारपटार गर्दछ । भाषाको त्यही शृङ्गारलाई नै शैली भनिन्छ । अभिव्यक्तिको ढङ्ग वा विधि शैली हो । कृतिमा शैलीले नै लेखकको विशिष्टतालाई पहिचान गराउँछ । उपन्यासमा शैली वा अभिव्यक्ति कथ्यसँग एकदमै मिलेर रहेको हुँदा अविभाज्य हुन्छ । सबै उपन्यासमा एउटै शैलीको प्रयोग पाइँदैन कहीँ छोटा छोटा वाक्य युक्त र कहीँ लामा लामा वाक्य व्यास शैलीका वाक्य, यस्तै कहीँ वर्णनात्मक, नाटकीय, विश्लेषणात्मक, आलोचनात्मक देखिन्छन् । जसले लेखकको मौलिक पहिचानलाई छुट्याउन सजिलो हुन्छ ।

## २.४.६ उद्देश्य वा जीवन दर्शन

उद्देश्य पनि उपन्यासको अनिवार्य तत्त्व हो। कुनै पनि उपन्यास कुन प्रयोजनमा लेखिएको छ भन्ने पत्ता लगाउनु उद्देश्य हो। साहित्यका अन्य विधाहरूका जस्तै उपन्यासमा पनि उद्देश्यको महत्त्व अति आवश्यक हुन्छ। प्राचीनकालमा उद्देश्यको किटान गरिएको हुन्थ्यो भने हिजोआजका उपन्यासमा किटान गरिएको हुँदैन र कही कही हुन्छ पनि। पहिले पहिलेका उपन्यासको उद्देश्य मनोरञ्जन, नीतिप्रधान धार्मिक सन्देश हुन्थ्यो भने आज त्यसमा सीमित नरही जीवन र जगतप्रति व्यापक चिन्तन तथा प्रक्षेपण गरिएको हुन्छ। खासगरी कथानकको अन्तिम परिणतिलाई नै औपन्यासिक उद्देश्य भनिन्छ। वर्तमान समयमा कथानकको घटना प्रसङ्ग, चरित्र, परिवेशमा आदिको कार्यव्यापारका माध्यमबाट अप्रत्यक्ष शैलीमा व्यक्त गर्ने गरेका पाइन्छ। जसमा समाज र जीवनका विविध असङ्गति, कुरीति, कुसंस्कार, अन्धविश्वास, बेमेल, बेथिति तथा विभिन्न प्रयोगद्वारा प्रक्षेपण गर्दै उन्नति वा समृद्धिको कामना गर्ने उद्देश्य नै भेटिन्छ।

उपन्यासकारले आफ्नो उपन्यासको रचना गर्दा कुनै एउटा उद्देश्य लिने भएकाले जीवनजगत्सम्बन्धी गहन चिन्तन गर्ने व्यक्तिले मात्र उपन्यासमा रचना गर्न सक्दछ। उपन्यासका विचार र व्याख्यान प्रवचन, भाषण र ठाडो अर्ती उपदेश एवम् नाराका रूपमा नआई स्वाभाविक रूपमा अप्रत्यक्ष रूपले आएको हुनुपर्दछ। उपन्यासकारले आफूलाई कलाकार र सौन्दर्यस्रष्टाका रूपमा लिनुपर्दछ। त्यसैले उपन्यासकारले विचार एवम् उद्देश्यहरू प्रस्तुत गर्ने क्रममा निकै सजग र सचेत हुनुपर्दछ।

## परिच्छेद तीन

# साहित्यकार पारिजातको सङ्क्षिप्त परिचय र 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासपूर्वको प्रगतिवादी नेपाली उपन्यास परम्परा

## ३.१ साहित्यकार पारिजातको सङ्क्षिप्त परिचय

वि.सं. १९९४ सालमा बावु कालुसिंह वाइवा र आमा अमृत मोक्तानको कोखबाट दार्जिलिङको चियाबगानमा जन्मिएकी पारिजात कालान्तरमा गएर नेपाली साहित्यकै शिखर नारी प्रतिभाका रूपमा स्थापित हुन पुगिन्। पारिजातको न्वारनको नाम विष्णुकुमारी वाइवा हो तापनि लामाले उनको बोलाउने नाम छेकुडोल्मा (तिब्बतकी ताराानीका नामले चिनिने प्रसिद्ध देवी) राखिदिएका थिए। नेपाली साहित्यका क्षेत्रमा उनले स्वेच्छाले वरण गरेको नाम पारिजात हो। कालान्तरमा पारिजात नामले नै चर्चित भइन्। शारीरिक रूपमा अपाङ्ग भएर जीवन व्यतीत गर्नु परे तापनि नेपाली साहित्यिक बाटिकामा उनले सुगन्धित फूल पारिजातजस्तै बनेर सदैव आफ्नो सुवास छरिरहिन्। वि.सं. २०५० साल वैशाख ५ गतको बिहान मिरमिरे उज्यालामा सबैसँग सधैँका लागि बिदा माग्दै यस संसारबाट बिदा लिइन्, तर उनको जीवन र कर्म आजमात्र होइन, भोलिका पिँढीका निम्ति पनि जीवनदायी प्रेरणाका स्रोतका रूपमा रहेको छ।

शिक्षित परिवारमा जन्मिएकी पारिजातको अनौपचारिक शिक्षाको शुरुवात घरबाट नै भए तापनि औपचारिक शिक्षाको शुरुवात दार्जिलिङका विभिन्न विद्यालयहरूबाट भएको पाइन्छ। उनले नेपाली गर्ल्स हाइस्कूल र सेन्ट टेरिजा स्कूल आदि विद्यालयहरूमा अध्ययन गरिन्। पारिजातले शुरुबाट कक्षा दशसम्म दार्जिलिङमा पढेकी थिइन् भने काठमाडौं प्रवेशपछि उनी एस.एल.सी. परीक्षाका लागि डिल्लीबजारको पद्मकन्या विद्याश्रममा भर्ना भएकी थिइन् र उनले त्यहीँबाट नै वि.सं. २०११ सालमा एस.एल.सी उत्तीर्ण गरिन्। यसपछि पद्मकन्या कलेजबाट वि.सं. २०१३ सालमा आइ.ए. र वि.सं.

२०१५ सालमा बी.ए. उत्तीर्ण गरिन् । सन् १९६० मा अङ्गेजी विषय लिएर त्रि.वि. कीर्तिपुरमा एम.ए. मा भर्ना भएकी थिइन्, तर परीक्षा चाहिँ दिइनन् । त्यसैले उनको औपचारिक शिक्षा बी.ए. सम्म सीमित रह्यो । आर्थिक अवस्थाले पढाई छोड्नु परेकी पारिजातले वि.सं. २०१६ सालदेखि वि.सं. २०१९ सालसम्म 'मदन मेमोरियल गर्ल्स हाइस्कूल' मा शिक्षण कार्य गरिन् । यसै बीचमा पारिजातलाई र्‍युमोटाइट अर्थराइटिस ( बाथरोग विशेष रूप) ले बढी दुःख दियो र जागिर छोड्न बाध्य बनायो । त्यसै वर्षदेखि जीवनमा कहिल्यै निको नहुने गरी पारिजात बिरामी हुन पुगिन् । त्यसै प्रसङ्गलाई लिएर पारिजातले लेखेकी थिइन् झन्डै उन्नाईस बीस सालदेखि म बाथको रोगले कुँजिएँ । दुई वर्षसम्म खाटमा सीमित भएँ । त्यसैताका मैले एउटा उपन्यास सिध्याएँ 'शिरीषको फूल' ( प्रसाई, २०५७ : २६) । वि.सं. २०२२ सालमा यसै 'शिरीषको फूल' (२०२०) उपन्यासका लागि मदन पुरस्कार पनि प्राप्त भएको थियो । त्यसले उनलाई केही मात्रामा आत्मसन्तुष्टि पनि मिल्यो र उनी विभिन्न सामाजिक सङ्घ संस्थासँग सम्बन्धित हुँदै साहित्य सेवामा समर्पित भइन् ।

पारिजात स्वाभिमानी, अन्तर्मुखी, हठी र न्यायप्रेमी स्वभावकी महिला थिइन् ।स्वाभिमानी स्वभावकै कारणले पारिजात जीवनमा जस्तोसुकै कठिन र जटिल परिस्थितिमा पनि अरूको अगाडि झुक्न जान्दैनथिइन् । महत्त्वपूर्ण कृतिहरूको बढी अध्ययन गर्न र विशिष्ट घटनाबाट प्रेरित भई एकान्तमा बस्न रुचाउने उनको स्वभाव थियो । धेरै चुरोट तान्ने र जीवन र जगत्का बारेमा संवेदनशील हुँदा उनलाई सामाजिक न्याय र समानताका पक्षमा उभिन मन पराउने पारिजातले जीवनभर यस कुरामा सकेसम्म ध्यान पुऱ्याइरहिन् र जस्तो सुकै अवस्थामा पनि महिलाले पनि पुरुष सरह सङ्घर्ष गरेर आफ्नो जीवन सञ्चालन गर्न सफल हुन्छन् भन्ने कुराको उदाहरण दिइरहिन् ।

शारीरिक रूपमा अशक्ता र पीडित भए तापनि यस किसिमको अशक्तताले यिनको बौद्धिक जीवनलाई प्रभाव पार्न सकेन । कविता, कथा, उपन्यासजस्ता क्षेत्रमा उनले महत्त्वपूर्ण योगदान दिइन् ।

कविता सङ्ग्रह  आकाङ्क्षा (२०१४), पारिजातका कविताहरू (२०४४), बैँसालु वर्तमान (२०५०), कथा सङ्ग्रह आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँसु (२०४३), वधशाला जाँदा आउँदा (२०४९),  उपन्यासहरू शिरीषको फूल (२०२२), महत्ताहीन (२०२५), बैँसको मान्छे (२०२९), तोरीबारी,बाटा र सपनाहरू (२०३३), अन्तर्मुखी (२०३५), उसले रोजेको बाटो (२०३५), पर्खालभित्र र बाहिर (२०३५), अनिँदो पहाडसँगै (२०३९), परिभाषित आँखाहरू (२०४६), बोनी (२०४८),  आत्मसस्मरण सङ्ग्रह धूपी, सल्ला र लाली गुराँसको फेदमा (२०४३), एउटा चित्रमय शुरुवात (२०४५), अध्ययन र सङ्घर्ष (२०५१), र  लेख निबन्धतर्फ आधी आकाश र अन्य फुटकर लेखहरू (२०४५) गरी उनले २१ वटा साहित्यिक कृतिहरू प्रकाशन गरिन् ।

उनको उच्च मूल्याङ्कन हुन नसके पनि विभिन्न पुरस्कार प्राप्त गरेको देखिन्छ। जुन निम्नानुसार रहेका देखिन्छन् :

- वि.सं. २०२२ मा 'शिरीषको फूल' उपन्यासका लागि मदन पुरस्कार प्राप्त ।
- वि.सं. २०४९ मा  गङ्की बसुन्धरा पुरस्कार प्राप्त ।
- वि.सं. २०५० मा 'बैँसालु वर्तमान' कविता सङ्ग्रहका लागि सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार प्राप्त ।
- वि.सं.२०३२ सालदेखि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा निमित्त विद्वत् वृत्ति प्रदान ।
- वि.सं. २०४८ मा त्रिभुवन विश्वविद्यालय सभाको सदस्यमा मनोनीत ।
- वि.सं. २०४८ मा नै नेपाली केन्द्रीय शिक्षण विभाग, साहित्यकुञ्ज त्रिभुवन विश्वविद्यालयद्वारा आयोजित भानु जयन्ती र स्रष्टा अभिनन्दन समारोह कार्यक्रममा पारिजातलाई अभिनन्दन ।
- वि.सं. २०४९ सालमा नेपाल तामाङ घेदुङ संघद्वारा अभिनन्दित ।
- वि.सं. २०४९ सालमा नै जनमत साहित्यिक मासिक पत्रिकाद्वारा पनि पारिजातलाई अभिनन्दन गरिएको ।

उक्त पुरस्कार तथा सम्मान प्राप्त गरेकी पारिजातको प्रसिद्ध कृति 'शिरीषको फूल' उपन्यासको अंग्रेजी अनुवाद 'Blue Mimoson' संयुक्त राज्य अमेरिकाको मेरिल्याण्ड

विश्वविद्यालयको पाठ्यक्रममा समेत समाविष्ट भएको छ। उनको मृत्यु पछि बहिनी सुकन्याका प्रयासबाट म्हैंपीको विष्णुमतीको किनारमा पारिजातको सालिक निर्माण भएको छ भने उनकै नाममा पारिजात स्मृतिकेन्द्र स्थापना भएको छ। खगेन्द्र सङ्ग्रौला तथा निनु चापागाईको सम्पादनमा पारिजात स्मृति ग्रन्थ प्रकाशित भएको छ।

## ३.२ 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास पूर्वको प्रगतिवादी नेपाली उपन्यास परम्परा

प्रगतिबाद भनेको मार्क्सवादको साहित्यिक रूपान्तरण हो। यसलाई समाजवादी यथार्थवाद पनि भनिन्छ। समाजलाई वर्गीय दृष्टिले हेर्ने र वर्गसङ्घर्षलाई नै समाजविकासको प्रमुख आधार मान्ने द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादलाई नै प्रगतिवादले आफ्नो मूलभूत सैद्धान्तिक आधार बनाएको छ। यो यथार्थ विरोधी नभई यथार्थलाई द्वन्द्वात्मक सन्दर्भमा हेर्ने साहित्य सिद्धान्त हो। समाजलाई वर्गीय दृष्टिले हेर्ने हुँदा प्रगतिवादी साहित्य पनि वर्गीय हुन्छ र त्यो शोषित अर्थात् सर्वहारावर्गको मुक्तिको लागि केन्द्रित हुन्छ। नेपाली उपन्यास परम्परामा पनि यसै प्रगतिवादी अर्थात समाजवादी यथार्थवादको प्रयोग गरेर साहित्य सिर्जना गरिएको छ।

माध्यमिककालीन अतिरञ्जित काल्पनिक उपन्यासहरूभन्दा भिन्न उपन्यास लेख्दै वि.सं. १९९१ मा रुद्रराज पाण्डेले 'रूपमती' उपन्यास लेखेर नेपाली उपन्यासमा आधुनिक युगमा प्रवेश गराए। यस उपन्यासमा सामाजिक विषयवस्तुलाई उपन्यासको विषयवस्तु बनाइएको छ। 'रूपमती' पछि पनि थुप्रै उपन्यासहरू यस परम्परामा लेखिएका पाइन्छन्। त्यसपछि विभिन्न धारामा उपन्यासहरू लेखिएका पाइन्छन्। 'भ्रमर' उपन्यासले स्वच्छन्दतावादी प्रवृतिको शुरुवात गऱ्यो भने वि.सं. २००४ सालमा लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' 'उपन्यास लेखेर सामाजिक यथार्थवादी धाराको शुरुआत गरे। डायमन्ड शमशेरले 'बसन्ती' उपन्यास लेख्दै ऐतिहासिक विषयलाई यथार्थको रूपमा प्रस्तुत गरे। नेपाली उपन्यास परम्परामा गोबिन्दबहादुर मल्ल 'गोठाले' को 'पल्लो घरको झ्याल' ( २०१६) उपन्यासले मनोवैज्ञानिक धाराको शुरुवात गर्दै नयाँ युगको आरम्भ गरेको

देखिन्छ। २०२१ सालमा इन्द्रबहादुर राईले 'आज रमिता छ' उपन्यास लेखेर विसङ्गतिवादी प्रवृत्तिलाई भित्र्याए, तर विसङ्गतिलाई मूल सैद्धान्तिक आधार भने बनाएका छैनन् । पारिजातको 'शिरीषको फूल' उपन्यासले नेपाली उपन्यास परमपरामा विसंगतिवादी अस्तित्ववादी दर्शनलाई औपन्यासिक रूपमा प्रस्तुत गरेको छ ।

हृदयचन्द्र सिंह प्रधानका 'स्वास्नीमान्छे' (२०११) र 'एक चिहान' (२०१७) उपन्यासबाट सङ्केत भएको प्रगतिवादी चेतनाले डी.पी. अधिकारीका 'आशमाया' ( २०२५) उपन्यासमा गएर पूर्ण रूपमा विकसित हुने अवसर पाएको छ । नेपाली उपन्यास परम्परामा डि.पी. अधिकारीको 'आशमाया' उपन्यासले नै पहिलोपटक स्पष्ट रूपमा प्रगतिवादी विश्वदृष्टिकोणलाई अभिव्यक्त गरेको छ। यही परम्परालाई पछ्याउँदै पारिजातको 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास आएको देखिन्छ। यसै पृष्ठभूमिमा पारिजातको उपस्थिति भएको छ । यसै क्रममा अन्य उपन्यासहरू पनि देखिन्छन् । अन्य उपन्यासकार सँगसँगै पारिजात पनि क्रियाशील छन् र अनेकौं उपन्यास लेख्दै गरेको पाइन्छ ।

प्रगतिवादी अन्य उपन्यासहरूमा अधिकारीकै 'धर्ती अझ बोल्दै छ' (२०२७), खगेन्द्र सङ्ग्रौलाका 'चेतनाको पहिलो डाँक' (२०२७), पारिजातको 'पर्खालभित्र र बाहिर' ( २०३५), 'उसले रोजेको बाटो' (२०३५), 'अनिदो पहाडसँगै' (२०३९), रमेश विकलको 'अबिरल बग्दछ इन्द्रवती' (२०४०), भाष्कर उपनामका भवानीप्रसाद पाण्डेका 'बन्दी आवाज' (२०४६), 'हाँडीका कनिका' (२०४५) र 'अमरबस्ती' (२०५३), सञ्जय थापाका 'नओइलाउने फूल' (२०४३), 'देउमाइको किनार' (२०४७), ऋषिराज बरालको 'कामरेड हुतराज राजधानी प्रस्थान' (२०४८) आदि छन् (सुवेदी, २०६४ : ४२८) ।

शोषणबाट मुक्तिको निम्ति क्रान्ति र विद्रोहमूलक प्रस्तुति, प्रतिक्रियावादी शक्तिसँग भिडेर क्रान्तिकारी बाटोबाट शासन सत्ताको लगाम हातमा लिनुपर्दछ भन्ने अभिव्यक्ति, क्रान्ति चेतना र वर्गीय द्वन्द्वको प्रस्तुति, जनताको मनोभावना र जनताको सङ्गठित विद्रोहको अभिव्यक्ति, मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादमा आधारित लेखन, रूढी अन्धकार कुसंस्कारको विरोध गरी अन्त्य गर्ने प्रयास, समाजवादी समाज स्थापना गर्ने लक्ष्यमा आधारित लेखनजस्ता प्रवृत्तिहरू यस धाराका उपन्यासमा पाइन्छन् ।

## परिच्छेद चार

# उपन्यासको तत्त्वगत आधारमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको विश्लेषण

## ४.१ पृष्ठभूमि

पारिजात नेपाली साहित्यजगत्‌की महत्त्वपूर्ण नारी प्रतिभा हुन् । वि.सं. २०१३ सालबाट कविता विधाका माध्यमबाट साहित्यमा प्रवेश गरेकी पारिजातले कथा, उपन्यास जस्ता आख्यानात्मक विधामा कलम चलाएर उत्कृष्ट बन्न पुगेकी छन् । 'मैले नजन्माएको छोरो' (२०२१) बाट कथा लेख्न शुरु गरेकी पारिजातले 'शिरीषको फूल' उपन्यास लेखेर उपन्यास विधामा प्रवेश गरेको देखिन्छ। यिनले यस उपन्यासमा विसङ्गतिवादी, अस्तित्ववादी धारा प्रस्तुत गरेर नेपाली उपन्यासको क्षेत्रमा ठूलो हलचल ल्याइन् । जीवनलाई निस्सार मात्र देख्ने पारिजातको उपन्यासयात्रा 'बैंसको मान्छे' जस्तो नवअराजकतावादी हुँदै अगाडि बढेको पाइन्छ ।

त्यस समयको राजनीतिक अवस्था, पारिजातमा आएको परिवर्तन, स्वास्थमा आएको सुधार, श्रमिक जनताको मुक्तिको चाहना लिएर मार्क्सवाद, लेनिनवाद र प्रगतिवादी दर्शनको अध्ययन गर्नाले उनको चेतनाको रूपान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेल्यो । यसपछि प्रकाशित भएको 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासले समाजवादी यथार्थवादलाई आत्मसात् गरेको देखिन्छ ।

## ४.२ 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको शीर्षक विधान

प्रत्येक साहित्यिक कृतिको कुनै न कुनै नामकरण गरिएको हुन्छ, जसलाई शीर्षक भनिन्छ । कुनै पनि कृतिको संरचना विभिन्न अवयवहरूको संयोजनद्वारा भएको हुन्छ र सिङ्गो कृतिलाई चिनाउने शीर्षकले पनि ठूलो महत्त्व राख्दछ । नेपाली साहित्यमा विशिष्ट

नारी प्रतिभा पारिजातद्वारा दिइएको शीर्षक व्याकरणका दृष्टिले **'**तोरी, बारी, बाटा र सपनाहरू**'** गरी चार ओटा पदहरूको संयोजन भई बनेको पाइन्छ । 'तोरीबारी' आत्मपरक संवेदनाको प्रद्योतन गर्ने तत्त्व, 'बाटाहरू' जीवनको यात्रा विचरण गर्ने यथार्थ मार्गहरू र 'सपनाहरू' उक्त मार्गबाट यात्रा गर्दा पुगिने रङ्गीन गन्तव्यका स्रोतहरू उपन्यासको शीर्षकबाट व्यक्त भएका छन् (सुबेदी,२०५३ : १४८) यसरी समालोचकहरूले उक्त शीर्षकलाई सार्थक नै मानेको पाइन्छ र उक्त शीर्षक नै यस उपन्यासको सार्थक शीर्षक हुन पुगेको अनुभव हुन्छ ।

यो उपन्यास यात्रा वर्णनमा आधारित छ । 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास पढ्दा यात्राका क्रममा देखिने तोरीबारीभित्र कस्ता बाटाहरू छन् ? के के सपनाहरू रहेका छन्? भन्ने कुतूहलता वा खुलदुली सिर्जना हुन पुग्दछ । उपन्यास पढ्दै जाँदा उपन्यासकी नारीपात्र 'म' ले यात्रा गर्दा देखेको तोरीबारीका सुन्दरता र त्यसले सिर्जना गरेका भावनाहरू थाहा हुन्छ भने विभिन्न ठाउँमा भ्रमण गर्दा जीवनका बाटाहरू पहिल्याएको बोध हुन पुग्दछ। अन्तिममा पुगेर उसका सपनाहरू कस्ता हुन्छन् ? भन्ने कुराको उद्घाटन हुन्छ । यसरी यस उपन्यासको शीर्षक खुल्दुली पैदा गर्ने ध्वन्यात्मक मात्र नभएर लामो र धोत्लिनु पर्ने खालको अनौठो भएको अनुभव हुन्छ । यति हुँदाहुँदै पनि प्रस्तुत उपन्यासको शीर्षक र विषयवस्तुका बीचमा पनि सामञ्जस्यमूलक सम्बन्ध रहेको पाइन्छ । यस उपन्यासको विषयवस्तु यात्रावृत्तान्तमा आधारित रहेको छ ।

यहाँ 'म' पात्र आफूले देशका विभिन्न ठाउँको भ्रमण गर्दा देखेको तोरीबारीबाट भावविह्वल भएकी छ । उसले यात्रा गर्ने क्रममा जीवनका विभिन्न बाटाहरू रहेको भन्ने कुराको ज्ञान हुन पुग्दछ र 'म' पात्रले जीवनलाई बुझ्केकी छ भने अन्तमा जीवन सुन्दर बनाउन देशमा रहेका गरीब मानिसलाई उद्धार गरी आफ्ना सपनाहरू पूरा गर्न खोजिएको छ । त्यसैले उपन्यासको शीर्षक उपयुक्त नै देखिएको छ ।

## ४.३ 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको संरचना

उपन्यास महत्त्वपूर्ण आख्यानात्मक विधा हो । साहित्यका विभिन्न विधामध्ये उपन्यासमा उपन्यासकारले आफ्ना विचार र धारणाहरू वा अनुभूतिहरूलाई घटना र

पात्रहरूको अन्योन्याश्रित सम्बन्धको योजना बनाएर ती सबैलाई मिलाएर उपन्यासको आकार प्रदान गर्दछ। यही आकार नै उपन्यासको संरचना हो। उपन्यासको रूप र संरचनाका बीचमा पनि फरक रहेको हुन्छ। तत्त्वहरूको संगठन संरचना हो, भने रूप त्यसको परिणाम वा निष्कर्ष हो। संरचना भनेको कुनै वस्तुका आन्तरिक तथा बाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थापन हो।

यसरी हेर्दा उपन्यासमा पनि बाह्य र आन्तरिक गरी दुइओटा संरचनाहरू रहेका हुन्छन्। जसलाई निम्नानुसार अध्ययन गरिन्छ :

### ४.३.१ बाह्य संरचना

बाह्य संरचना भनेको कृतिको बनोट हो। बाहिरबाट सर्सर्ती हेर्दा उपन्यास जे जस्तो स्वरूप देखिन्छ, त्यो नै उपन्यासको बाह्य संरचना हो। यसअन्तर्गत कृतिको आयाम, परिच्छेद योजना, अनुच्छेदयोजना, पङ्क्तियोजनाजस्ता कुराहरू पर्दछन्। समग्रमा भन्ने हो भने कुनै पनि कृतिको आकारप्रकार नै बाह्य संरचना हो। पारिजातले विसङ्गतिवादी, अस्तित्ववादी र नवअराजकतावादी उपन्यास लेखेपछि उनको परिवर्तित विचारका रूपमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास आएको देखिन्छ। यस उपन्यासलाई हेर्दा लघु आकारको संरचना रहेको छ। उपन्यासमा जीवन र जगत्को व्यापकता हुने हुँदा यो आकारगत लामो हुने गर्दछ, तर प्रस्तुत कृति उनको छोटो उपन्यास हो। उपन्यासमा पारिजातको थोरैमा धेरै भन्न सक्ने क्षमता वृद्धि भएको देखिन्छ।  क्यानभासमा बृहत् चित्र प्रस्तुत गर्न सक्नु पारिजातको औपन्यासिक वैशिष्ट्य नै बनेको छ। विश्लेश्य उपन्यास पनि यस कुराबाट अछूतो रहेको छैन।

७५ पृष्ठको आयाममा संरचित यो उपन्यास यात्रा वृत्तान्तमा आधारित छ। कुनै खण्डहरूमा विभाजित नगरी लेखिएको यस उपन्यासमा परिच्छेद विभाजन पनि गरिएको छैन, अर्थात्, 'एक', दुई, तीन भनेर पनि छुट्याइएको छैन न त तारा चिन्हरूको प्रयोग नै गरिएको छ। उपन्यासको आयाम छोटो र विषय यात्रावृत्तान्तमा आधारित भएर पनि यसमा खण्ड र परिच्छेदमा विभाजन नगरिएको हुन सक्दछ। यस उपन्यासले नेपालका विभिन्न ठाउँको भ्रमण गरेको पाइन्छ, तर यहाँ कुन कुन ठाउँमा भ्रमण गरिएको हो सोको

उल्लेख गरिएको छैन । एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने क्रममा त्यस बाटामा देखिने यात्रीहरू वातावरणहरूसँगको अनुभव लेखिएकाले पनि यहाँ कुनै विभाजनतर्फ ध्यान नदिएको हुनुपर्दछ । पारिजात स्वयम्ले यस उपन्यासको भूमिकामा लेखेकी छन् -

> यस उपन्यासको यात्रा-सिलसिलामा केही एब्स्ट्रयाक्ट रूपमा अघि बढेको छ । ठाउँहरूको कुनै खास नाउँ छैन । पाठकहरूले यो समतल, यो पहाड, यो सहर, यो गाउँ भनी बुझिदिनु भए पुग्छ । अन्तमा उपन्यासका केही स्थितिहरू अस्वाभाविक जस्ता लाग्लान् र ती अस्वाभाविक स्थितिहरूको जोखिम उठाउनका केही खास कारणहरू छन्" (पारिजात, २०३३ : भूमिका) ।

उपन्यासमा पढ्दै जाँदा पहाड, डाँडा, हिमाल, तराई आदि ठाउँको उल्लेख भए पनि त्यस विभाजनमा उपन्यासकार नलागेकाले बाह्य रूपमा उपन्यास एकान्वयी हुनपुगेको छ । उपन्यासको विषयवस्तु यात्रावृत्तान्तमा आधारित छ । यस उपन्यासमा 'म' पात्रले बूढीआमाको साथमा विभिन्न ठाउँको भ्रमण गरेको कुराहरूलाई साना ठूला गरेर ३०० अनुच्छेदमा विभाजन गरिएको छ । एक ठाउँबाट अर्को ठाउँमा जाँदा त्यहाँको प्राकृतिक वातावरण विभिन्न पात्रहरूसँगको संवादले गर्दा परिच्छेद नछुट्याइएको भए तापनि उपन्यासको बाह्य संरचना अमिल्दो भन्न सकिँदैन ।

## ४.३.२ आन्तरिक संरचना

आन्तरिक संरचना भनेको उपन्यासको बुनोट हो । ग्रहण गरिएका मुख्य विषयवस्तुलाई उपन्यासकारले के कसरी व्यवस्थापन गरेको छ भन्ने कुरा नै उपन्यासको आन्तरिक संरचना हो । 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको आन्तरिक संरचनाका रूपमा उपन्यासकी 'म' पात्रले यात्रा गर्ने क्रममा विभिन्न ठाउँमा पुगेर नेपाली समाजमा रहेका विकृति र विसङ्गतिहरूको उजागर गर्दै त्यसको विरुद्धमा उभिनु पर्ने सन्देश दिइएको छ । यहाँ 'म' पात्र नेपाली नारीको प्रतिनिधि पात्रका रूपमा रहेकी छ । महिलाले महिलालाई सही बाटो देखाउन नसकेको अवस्था देखाउँदै नारीले पनि पुरुषसरह सबै दुःख कष्टहरूको बहन गर्न सक्ने, तर पुरुष प्रधान समाजले त्यस्तो छुट नदिएको जस्ता

कुराहरू उनीबाट उल्लेख गरिएको छ। 'म' पात्र पुगेका विभिन्न स्थानहरू नै उपन्यासको कार्य स्थल बन्न पुगेको छ। उपन्यास घटनाप्रधान नभए तापनि यस उपन्यासकी 'म' पात्र भोक्ताभन्दा पनि द्रष्टाका रूपमा बढी क्रियाशील हुनुका साथै प्रतिनिधिमूलक रहेको छ। यसको औपन्यासिकता भनेको अनुभव, कल्पना र आदर्शको त्रिकोणात्मक यात्रा देखिन्छ।

पारिजातको 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा देशको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा देखापरेका विकृति, विसङ्गति, अन्याय, अत्याचार, दुराचारको प्रस्तुत गरिएको छ। देशमा देखापरेको सुकुम्बासी समस्या चरम अभाव र गरीबी, काम र मामको खोजीमा विदेशिन बाध्य नेपालीको दयनीय स्थिति, तत्कालीन राजनीतिक व्यवस्थाबाट उत्पन्न दमन, राष्ट्रिय तथा सामाजिक सम्पत्तिको दुरूपयोग, वनविनाश आदिको पर्यालोकन 'म' पात्रको माध्यमबाट गरिएको छ।

औपन्यासिक कथानक र चरित्रले कुनै तोकिएको ठाउँ विशेष नभए पनि काठमाडौं उपत्यका शहर, समथर भूमि, पहाड, गाउँ आदि परिवेशमा विकसित भएको छ। त्यहाँका परिवेश र त्यहाँ घटेका विभिन्न घटनाहरूलाई 'म' पात्रको माध्यमबाट यात्राको धागो उनेर कथानकलाई गतिशील तुल्याएको छ। विभिन्न स्थानहरूको भ्रमण गरेर ती स्थानहरूबाट बटुलेका अनुभवहरूसँगै 'म' पात्रले नारीलाई पनि पुरुष सरहको स्वतन्त्रताको माग गर्दै विषयवस्तु टुङ्गिएको छ।

काठमाडौंको मध्यम वर्गीय परिवारको परिवेशबाट शुरु भएको यस उपन्यासमा नारीपात्र 'म' ले देशको विभिन्न ठाउँको भ्रमण गरेर त्यसको ऐतिहासिक एवम् वैज्ञानिक कारणको खोजी गर्दछे। लघु आकारको उपन्यास भए पनि कथ्य र प्रस्तुतिका दृष्टिले उपन्यास राम्रो देखिन्छ। उपन्यासको घटनाक्रममा आदि, मध्य र अन्त्यको शृङ्खलामा शृङ्खलित हुँदै संरचित, प्रस्तुत उपन्यासको बाह्य संरचना त्यति सबल नभए तापनि आन्तरिक संरचनामा विभिन्न ठाउँको घटना र प्रसङ्गलाई यात्राको घटनाक्रम प्रस्तुत गरेर सबल बनाउने प्रयास गरिएको छ।

#### ४.३.२.१ कथानक

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास यात्रावृत्तान्तक आत्मपरक शैलीमा, छोटो आकारमा लेखिएको छ। एउटी शिक्षित र अविवाहिता युवतीको एकडेढ महिने देशदर्शनको केन्द्रीयतामा यस उपन्यासको कथानक अगाडि बढाइएको छ। 'म' पात्र शिक्षिकाको रूपमा रहेकी छ। २ वर्षसम्म जागिर खाएर कमाएको पैसा घर व्यवहारमा प्रयोग नगर्ने कुरा घरपरिवारबाट आएपछि त्यो पैसाले नै 'म' पात्र (युवती) र बूढीआमा यात्रा गर्न निस्कन्छन्। 'म' पात्र कै केन्द्रीयतामा यस उपन्यासको कथानक अडेको छ। त्यसैले 'म' पात्र नै यस उपन्यासकी प्रमुख चरित्रको रूपमा आएकी छ। बूढीआमाले 'म' पात्र (युवती) लाई यात्राका क्रममा साथ दिएको देखिन्छ। बूढीआमै सहभागीमात्र भएर 'म' पात्रको सहयोगीको भूमिका खेलेकी छ, तर सक्रिय छैन। यस उपन्यासमा सिङ्गो कथानक नभई 'म' पात्रले यात्राका क्रममा देखेका र अनुभव गरेका विषयवस्तुलाई यात्राको धागामा उन्दै कथानक अगाडि बढाएको देखिन्छ।

म पात्र र बूढीआमै काठमाडौंको घरबाट यात्रा गर्न निस्केपछि उपन्यासको कथानक अगाडि बढ्दछ। यात्रा गर्नुभन्दा पहिला दाजुले भनेका कुराहरूलाई सकारात्मक रूपमा लिँदै यात्रा गर्ने क्रममा नेपाली महिला पनि पुरुषसरह जुनसुकै काम गर्न सक्ने, तर पुरुषप्रधान समाजले महिलाप्रति सोच्ने दृष्टिकोण फरक रहेको कुरामा विचार गर्न पुग्दछे। काठमाडौंको शहरी वातावरणबाट टाढा नगएकी 'म' पात्र यात्रा गर्दा देखेका पहाड, डाँडाकाँडा, फाँट, खोचमा पुग्दा आनन्दको अनुभूति गर्न पुग्दछे। शहरी वातावरणले गर्दा मानिसको मानसिकता साँघुरिएका कुरा यहाँ प्रस्तुत गर्न पुग्दछे। 'म' पात्रले आफूले साथमा ल्याएकी बूढीआमालाई घरसम्पत्तिको याद दिलाउँदा सम्पत्तिभन्दा जीवन र शरीर ठूलो रहेको कुरा गर्दछे, हाम्रो देशमा भएका एकल महिलाको समस्यालाई कथानकमा जोडिएको छ। यसरी यात्रा गर्दै जाँदा विदेशीसँगको भेट हुन्छ, उसले नेपाली शब्द स्पष्ट गर्दै 'म' पात्रलाई 'महुवा' शब्द उच्चारण गरेर कहाँ? किन? कसरी बनाइन्छ? भनी सोधेको घटनाले विदेशी जासूसको याद गर्न पुग्दछे। बाटामा गाउँका सोझासाझा महिलालाई विभिन्न प्रलोभनमा पारी भारतमा पुऱ्याई अवैध धन्धामा लाग्न बाध्य पर्ने अवस्थाको चित्रण गर्न पुग्दछे।

बाटामा देखिएका प्राकृतिक सुन्दरतामा मुग्ध हुँदै 'म पात्र विभिन्न पुराकथाका माध्यमबाट समाजका यथार्थता व्यक्त गर्न पुग्दछे। बाटामा तोरीबारीको सुन्दरता देखेर मायापुरीको उपमा दिन पुग्ने 'म' पात्रले जीवनमा महत्त्वपूर्ण यात्रा गर्न पाएको अनुभव गर्न पुग्दछे। एउटा राम्रो दृश्य देख्नु जीवनको उपलब्धि भएको कुरा व्यक्त गर्दछे। यसरी प्राकृतिक सुन्दरताले दिन बितेको थाहै नपाएकी 'म' पात्रले बेलुका होटलमा बस्दा सिपाहीसँगको भेटमा उसको बानी, क्रियाकलापबाट त्रासद भएकी हुन्छे र अन्तमा खराब चरित्र नभएको मानिस भन्ने बुझेपछि उसप्रति सहानुभूति प्रकट गर्न पुग्दछे। देशमा रहेको सुकुम्बासीको समस्याको घटना उसले ट्याक्टर हेर्न गइरहेका केटाकेटीको साथमा 'ट्याक्टर' भएको ठाउँमा पुगेपछि ट्याक्टर ड्राइभरसँग विद्रोह व्यक्त गर्न पुग्दछे। आत्महत्या गरेको सिपाही मानिसको घटना प्रस्तुत गर्दै मानिसको जीवनमा विभिन्न उतारचढाव भइरहन्छ तर मृत्युले त्यसबाट छुटकारा पाउन सक्दैन भन्ने विचार राखेको देखिन्छ। एक जनाले आत्महत्या गर्छ, तर अरू मानिसले दुःख पाउनुपर्ने यथार्थको उद्घाटन गर्न पुग्दछे। त्यहाँबाट अर्को ठाउँको यात्रा गर्ने क्रममा नदी पार गर्दा बूढाबासँगको भेटको प्रसङ्गमा नेपाली बूढाबूढीहरूको साहसको यथार्थस्थिति देखाइएको छ भने जीवन धान्न उनीहरूले गर्नुपरेको समस्यासमेत यस उपन्यासको कथानकमा आएको देखिन्छ।

'म' पात्रकी कलेज पढ्दाकी साथीको घर त्यही भएको भन्दै उसको घरमा पुगेपछि महिलाहरू पढेलेखेर पनि पुरुषको कठपुतली बनिरहेको अवस्थाको चित्रण गर्न पुग्दछे। घरमा काम गर्ने, नोकर राख्ने र पढाई तथा सर्टिफिकेट थन्काएर बस्ने नेपाली नारीहरूलाई आत्मनिर्भर रहनु पर्ने नभए पनि समाजहितमा लाग्न सल्लाह दिन पुग्दछे। होटलमा पुगेपछि व्यापार गर्ने चाहना भएकी साथीको माध्यमबाट व्यापारमा रहेको ठगी प्रवृत्तिलाई नियाल्न पुग्दछे। रातमा होटलमा खाना खाँदा मट्टितेल मिसाएको भन्दै काम गर्ने केटालाई गाली गर्न पुग्दछे, तर पछि काम गर्ने कामदार नभई होटल मालिकप्रति रुष्ट हुन पुग्दछे। होटलमा काम गर्ने नोकरको दयनीय अवस्थाको चित्रण गर्न पुग्दछे। काठ गोदाममा काम गर्ने केटासँगको भेटमा उससँग भएको प्रगतिवादी सोचले प्रभावित

बन्न पुग्दछे तर काठव्यापारीको वनविनाश गर्ने अधिकार देखेर क्षुब्ध भएकी छ । मानिसले जीवन धान्न गर्नु पर्ने सङ्घर्षलाई यहाँ प्रस्तुत गरेको देखिन्छ ।

'म' पात्र यात्रा गर्दै जाँदा होटलमा चिया खान पुग्दछे । सरकारी जिप आएर शहर फर्कन लागेको कुरा थाहा पाएपछि अनेकौ बिन्ती गर्दै आफ्ना सामानहरू राख्दै कष्टपूर्ण यात्रा गर्न पुग्दछे । बाटामा सानो बजारमा झर्न पुग्दछे । त्यहाँ होटलमा बास पाउँदैनन् । उसले अर्घसहरको रहस्यमय मृत्यु र बास नपाइने स्थानीय आतङ्कले ऊ भयभीत भएकी छ । बूढीआमाको साहस देखेर जीवनमा हुने उतार चढावको सामना गर्न सक्नुपर्ने विचार व्यक्त गर्दछे । 'म' पात्र र बूढीआमा खुला आकाशमुनि रात बिताउँछन् । नेपालका पुलिसको कामचोर प्रवृत्तिप्रति विद्रोह गर्न पुग्दछे । भोलिपल्ट त्यहाँबाट उनीहरू पहाड चढ्दै गाउँमा पुग्दछन् । गाउँका मानिसहरूले जीवन जिउन गरेको सङ्घर्ष, लोग्नेले छाडेर गएपछि एक्लो र व्यथित जीवन बिताइरहेकी महिलाको व्यथाले द्रवित बनेकी छ । बूढीआमाले आफूले लगाउने गरेको चोलाको बाहुला काटेर तयार पारिएको भोटो दिन्छे ।

एक डेढ महिनाको ज्ञान र अनुभूतिको लामो यात्रापछि उनीहरू घर फर्कन्छन्, जहाँ छोरी स्वतन्त्र भएर बाहिरबाहिर हिँडेको हेर्न मन नपराउने 'म' पात्रकी आमा उसको बिहे गराइदिन हतारिएकी छ । 'म' पात्रले कोही एक जनासँग प्रेम गरेकी छ भन्ने सङ्केत मिल्छ, तर उसकै उपेक्षाभावका कारणले प्रेमीले अर्कै केटीसँग बिहे गर्छ । यस घटनाले पनि 'म' पात्रलाई खासै असर पर्दैन । ऊ आफ्नो झट्केलो दाइको सहयोग, सहानुभूति र सन्देशबाट कृतज्ञ छे । उसको स्वतन्त्रताका लागि यही दाइ बलियो आधार बनेको छ । यात्राबाट फर्केपछि उसकी आमाले उसको बिहेको लागि केटो खोज्छे, तर ऊ स्वतन्त्रता चाहन्छे । फेरि जागिर खाएर ऊ आर्थिक दृष्टिले स्वावलम्बी र आत्मनिर्भर बन्न चाहन्छे, तर जागिर तुरुन्तै मिलिहाल्दैन । अन्त्यमा ऊ सिफारिसे जागिर खाएर बाँच्न पनि मन पराउँदिन । आमाको नारीकातरता, समाजभीरुता र बिहेको प्रस्तावबाट आफू मुक्त हुने र सिफारिसे जागिरभन्दा बाहिर स्वतन्त्रता रहने उसको चाहनालाई आफ्नो झट्केलो दाजुले पुनः कतै भ्रमण गर्न जाने प्रस्ताव राखेर जीवन्त तुल्याइदिन्छ । दाइको यस्तो प्रस्ताव सुनेर ऊ खुसीले गद्गद् हुन्छे, पुलकित बन्छे र भावावेशमा भन्छे "दाइ मेरो वर्तमान....."

आज म सबैभन्दा मीठो निद्रा सुत्नेछु। साँच्चै, सपनामा म ढुँगेधाराको पानी पिएर आफ्ना अज्ञात तिर्खाहरू मेटिरहेकी रहिछु। " (पारिजात, २०३३:७५)

यसरी उज्यालो अनुहार, खुसी र नवीन आशाका साथ उपन्यास टुङ्गिन्छ। यस उपन्यासमा कथावस्तु एउटै नभए पनि विविध वस्तुवादी सन्दर्भमा फूलहरूलाई यात्राको धागामा उनेर एउटा उपन्यासको स्वरूप दिएको छ। देशभित्र सुकुम्बासी समस्या, कृषि समस्या, शैक्षिक समस्या, पञ्चायती व्यवस्थाको दमनकारी प्रवृत्ति, राष्ट्रिय सम्पत्तिको दुरूपयोग, वनविनाश, निम्नवर्गका मानिसहरूको हाडघोटाइ पसिना चुहाइ र भोकभोकैको जीवन बिताइ, महिलामाथिको शोषण, स्वास्नीलाई घर छाडिदिने र विदेसिने नेपाली प्रवृत्ति, होटलमा भाँडा माझ्न विवश कलिलो जीवन र त्यस कलिलो जीवनको रस चुसेर तिर्खा मेटाउनाले पूँजीवादी जीवनशैली सामाजिक अन्धविश्वास आदिका विसङ्गत यथार्थलाई नै यस उपन्यासको कथानक बनाइएको छ। यस उपन्यासको मुख्य पात्र भोक्ताभन्दा द्रष्टाका रूपमा आएको छ। पारिजातको पूर्ववर्ती उपन्यासहरूभन्दा नौला विश्वासहरू सम्प्रेषण गरेको समाजवादी यथार्थवादी मान्यताअनुसार समाजलाई बुझ्ने प्रयत्न गरिएको कथावस्तु नै यस उपन्यासको कथानक रहेको छ।

### ४.३.२.१.१ कथानकको वस्तुचयन

पारिजातले 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा सामाजिक विषयवस्तुलाई प्रस्तुत गरेको देखिन्छ। समाज शताब्दियौं अगाडिदेखि वर्गीय द्वन्द्व र सङ्घर्षबाट विकसित हुँदै आएको छ। त्यो द्वन्द्व आर्थिक असमानता र त्यसले समाजमा निम्त्याएको वर्गीय विभेद यहाँ प्रस्तुत गरिएको छ।

यस उपन्यासकी 'म' पात्र मध्यमवर्गीय समाजको चरित्र हो। यात्राका क्रममा उसले नेपालका विभिन्न समाजको अध्ययन गर्न पुग्दछे। समाजका यथार्थहरू प्रस्तुत गर्न पुग्दछे र समाजमा रहेको विकृति र विसङ्गतिहरूलाई पनि यस उपन्यासको कथानक अगाडि बनाएको देखिन्छ। आफू मध्यमवर्गीय परिवारको भए पनि निम्नवर्गको पक्षमा वकालत गरेको कथानक रहेको देखिन्छ।

यस उपन्यासभन्दा पहिले पारिजातले अस्तित्ववादी, विसङ्गतिवादी उपन्यास लेखेको त्यसपछि अराजकतावादी उपन्यास लेखेपछि उनीभित्र पलाएको समाजवोधको चाहना र आफू प्रगतिवादी भएर लेख्ने घोषणा गरेपछि प्रस्तुत गरिएको उपन्यासमा पनि प्रशस्त प्रगतिवादी चेतहरू प्रस्तुत गरिएको छ। यसरी प्रगतिवादमा नेपाली समाजको यथार्थ स्थितिको चित्रण गर्दै त्यसका समाधानको वैज्ञानिक खोजी गर्ने प्रयास गरिएको यस उपन्यासमा नेपाली समाजलाई मुख्य परिवेश बनाएर लेखिएको छ। यात्राको सिलसिला बनाएर 'म' पात्रको माध्यमबाट नेपालको विभिन्न समाजको अवलोकन गर्दै समाजमा वर्गीय द्वन्द्व रहेको देखाइएको र यसैको सेरोफेरोमा कथानको वस्तु चयन गरेको देखिन्छ।

### ४.३.२.१.२ कथानकमा द्वन्द्व र कुतूहलता

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास यात्रासंस्मरणात्मक शैलीमा लेखिएको उपन्यास हो। यस उपन्यासको कथानक खासै सबल छैन। यात्राका क्रममा गरिएको समाज अवलोकनका सन्दर्भमा  समाजका गतिविधिहरूलाई यथार्थ ढङ्गले बुझ्ने प्रयास गरिएकाले यस उपन्यासमा बाह्य घटनाहरूले बढी नै स्थान पाएका छन्। कुतूहलता र द्वन्द्वको प्रयोगबाट उपन्यासको कथावस्तु रोचक एवम् आकर्षक बनाउने काम गरिएको छ। कृतिमा साहित्यिक प्रभाव सिर्जना गर्नुका साथै पाठकलाई घटनाप्रति जिज्ञासु र सचेत बनाउने हुनाले साहित्यमा कुतूहलता र द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

कुतूहलताका दृष्टिले 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कथानकलाई हेर्दा यसमा कुतूहलताको उत्कृष्ट सिर्जना नगरिए तापनि पट्यार लाग्ने खालको कथानक भने छैन। शुरुदेखि अन्त्यसम्म नै सुरुचिपूर्ण तरिकाले कथानकलाई अगाडि बढाइएको हुनाले पाठकमा निरन्तर आकर्षण उत्पन्न गर्ने काम यस उपन्यासले गरेको छ। यस उपन्यासमा 'म' पात्रले यात्राका क्रममा गरिएका समाजअवलोकनका सन्दर्भमा समाजका गतिविधिहरूलाई यथार्थ ढङ्गले बुझ्ने प्रयास गरेको छ। यसै क्रममा नेपालका विभिन्न समाजमा रहेका रूढि, संस्कार, शोषण, विकृति, असमानताजस्ता अनेक घटना प्रतिघटनाहरूलाई 'म' पात्रको आत्मपरक संवेदनाक धागामा उनेर प्रस्तुत गरिएको छ। 'म' पात्रले देशका विभिन्न स्थानहरूको अवलोकन गरेकी छ। यात्राका क्रममा देखाइएका

दृश्य, भनिएका कुराहरू, भेटिएका मानिसहरूले प्रकट गरेका रोष र चाहेका स्वतन्त्रताजस्ता कुराहरूले कथानकलाई कुतूहलता प्रदान गरेको छ। 'म' पात्र भिन्न भिन्न ठाउँमा पुगेकी छ। प्रत्येक ठाउँमा फरक फरक दृश्यहरू एवम् परिवेश देखेकी छ। त्यहाँको परिवेश घटना, विसङ्गति फरक फरक रहेको देखिन्छ। एक डेढ महिनाको यात्राको क्रममा जीवनको बृहत् पक्षको चित्रण गरिएकाले यस उपन्यासमा विभिन्न कुतूहलताहरू यस ठाउँमा कस्तो छ ? के हुन्छ ? आदि सिर्जना हुन पुग्दछ। यस उपन्यासमा कुनै एउटा कथानक छैन। यस उपन्यासको शुरुवात 'म' पात्रले बूढीआमालाई साथमा लिएर देशदर्शनमा निस्केको परिवेशबाट हुन्छ। ऊ काठमाडौंलाई छाडेर तराईका विभिन्न ठाउँमा पुग्दछे। प्रत्येक ठाउँमा छुट्टै छुट्टै परिवेश रहेको छ। यात्रा गर्दा प्राकृतिक सुन्दरताको चित्रण गर्न पुगेको पाइन्छ। समाजमा रहेका विसङ्गतिहरूलाई हटाउने चाहना राखिएको छ। यस उपन्यासमा एउटै कथानक नभएर पनि पारिजातले 'म' पात्रको माध्यमबाट उपन्यासमा नेपालका समाजहरू कस्ता कस्ता रहेका छन् ? भन्ने कुतूहलता पैदा गरेकी छन्। उपन्यासकी 'म' पात्र अब कुन ठाउँमा गएर कस्तो घटनाको वर्णन गर्ने हो। भन्ने कुतूहलता सिर्जना गर्ने हो ? भन्ने कुतूहलता उपन्यासको शुरुबाट अन्त्यसम्म रहेको देखिन्छ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको शीर्षक नै ध्वन्यात्मक रहेको छ। यसमा प्रशस्त कुतूहलयुक्तता रहेको छ। 'म' पात्रले यात्रा गर्ने क्रममा देखेका, भोगेका, यथार्थका कुराहरू बुझ्न पाठकमा उत्सुकता कायम रहने हुँदा यस उपन्यासको कथानकको विकासको अन्तिम अवस्थासम्म पनि त्यस कुतूहलताले पाठकलाई डोऱ्याइरहन्छ।

यस उपन्यासमा 'म' पात्रको मनभित्र भएको द्वन्द्व, मानिस र समाजबीच भएको द्वन्द्व प्रमुख रूपमा आएको छ। 'म' पात्रले यात्रा गर्ने क्रममा आफूले आफैसँग द्वन्द्व गरेको बुँदाहरू पनि देखिन्छन्, त्यस्तै गरी पात्रले समाजका विकृति र विसङ्गतिलाई हटाउनु पर्ने भन्दै द्वन्द्व गर्न पुगेकी छ। जस्तै यस उपन्यासमा सुकुम्बासीको नाममा बिघौं जग्गा ख्वापल्याक खानेहरू, जागिर खाँदा बेस्कन घूस खाएर, अल्छे तिघ्रा सन्तान पोष्याउनेहरू रिझाउनेहरू, बक्साउनेहरू र गरीबको गाँस खोज्नेहरूले उल्लेख गर्दै त्यस ट्याक्टर

ड्राइभरको प्रश्नको उत्तर दिने क्रममा ट्र्याक्टर ल्याएको सन्दर्भ प्रस्तुत "यो भूमिहीन हरूवाहरूका सपूतहरू नेपाली धरतीका असली सन्तान हुन्। तीन कोश परदेखि पैदल हिँडेर ऊ त्यो राक्षसजस्तो ट्र्याक्टरको खिल्ली उडाउन आएका र म यिनीहरूकी इमानदार भरौटे।" (पारिजात, २०३३:१९) भन्न पुग्दछे। यसरी 'म' पात्रले समाजमा रहेका कुरीतिहरूलाई हटाउन उपन्यासको विभिन्न ठाउँमा द्वन्द्वको उत्कृष्टता प्रस्तुत गरेको देखिन्छ। हाम्रो नेपाली समाजमा अशिक्षाका कारण नारीले नै नारीलाई अगाडि बढ्न नदिएको भन्दै रूढिग्रस्त समाजलाई 'म' पात्र र आमाका बीचमा द्वन्द्व देखाइएको छ। 'म' पात्रको आफ्नो भाइले आमाका साथ दिँदै दिदीसँग विवाहको कुरा गर्दा भाइसँगको द्वन्द्व देखाइएको छ। "विदेशी स्लोगन लेखिएका टालाटुलीले सिँगारेर आफूलाई बजारिया जोकर बनाउने युवालाई मेरो स्वतन्त्रतामाथि दखल गर्ने अधिकार छैन।" ( पारिजात, २०३३:७०) यसरी छोरीलाई नसोधी बिहे गर्ने परम्पराको विरुद्धमा 'म' पात्रलाई उभ्याउँदै पारिजातले समाजमा रहेको द्वन्द्वको सिर्जना गरेको देखिन्छ ।

समाज शताब्दियौंदेखि सामन्तवर्ग र सर्वहारावर्ग गरी दुई खेमामा विभाजित भई विकसित हुँदै आएको पाइन्छ। समाजमा आफ्नो वर्चस्व कायम गर्न यी दुई वर्गका बिचमा निरन्तर सङ्घर्ष चरिरहने शाश्वत पक्षलाई प्रस्तुत उपन्यासले अङ्गीकार गरेको छ। यस उपन्यासमा गरीब मान्छेको प्रतिनिधित्व गर्न 'म' पात्रलाई द्रष्टा पात्रका रूपमा भए पनि उपस्थित गराएको देखिन्छ भने सामन्तवर्गको प्रतिनिधित्व गर्न ट्र्याक्टर खरिद गर्ने मानिस, ट्र्याक्टरचालक, होटलका मालिकहरू, काठगोदामका मालिक आदिलाई ल्याएको देखिन्छ। होटल मालिकहरूले होटलमा काम गर्ने मजदूरहरूमाथि शोषण गर्छन्, हैकम चलाउँछन् र दासका रूपमा व्यवहार गर्न खोज्दछन्। उनीहरू आफू बसीबसी गरीब मजदूरहरूको पसिनारूपी रगत पिएर टन्न अघाउँछन् उता मजदूरहरूलाई भने रातदिन दशनङ्ग्रा खियाउँदा पनि जीवन धान्न धौधौ परेको छ भन्दै 'म' पात्रका माध्यमबाट द्वन्द्व देखाइएको छ। होटलमा काम गर्ने माझ्भाटारेको दयनीय अवस्थाको चित्रण गर्दै होटलका मालिकले गर्ने अत्याचारले जीवन र मरणको दोधारमा पुग्नु परेको प्रसङ्ग ल्याएर सामूहिक रूपमा सचेत हुनुपर्ने कुरामा 'म' पात्रको आन्तरिक द्वन्द्वलाई प्रस्तुत गरिएको छ। यसै क्रममा 'म' पात्र भन्छे

ऊ खुसुक्क आएर मेरो नजीकमा बस्छ र आफ्ना निर्बोध आँखाहरूले मतिर हेर्छ । हामी कतैतिर बेस्कन सम्बन्धित छौं यस समाजमा माभ्कीटारे, हामी जान्ने सुन्नेहरूले तिम्रो निम्ति बोल्न सकेनौं अथवा तिमीलाई बोल्न सिकाएनौं, त्यसैले हामीजस्ता आँखा छलेर भाग्नेहरूको अनुहारमा तिमीले थुके हुन्छ माभ्कीटारे, थुके हुन्छ" मेरो अन्तर्मन बोल्न थाल्छ । पारिजात, २०३३ : ४९) ।

नेपाली समाजमा पुरुष स्वतन्त्र रहेको र महिलाले छोराछोरीको रेखदेखमा र समाजको बन्धनमा समेत रहनु पर्ने अवस्थाको विरोध गर्दै उपन्यासमा छोराकी आमासँग बूढीआमैले यस्तो प्रतिवाद गरेकी छे । "आ..... दुःखको बेला त्यस्तो छोडेर भाग्ने लोग्नेमान्छेको के काम? खुरुक्क अर्कोसँग पोइल गइदिनु क्या, तरुणी नै त छौ नि? पारिजात, २०३३:६४) । पुरुषले महिलाको अभावमा अर्को विवाह गर्ने तर एकल महिलाले जीवनभर कष्ट सहनु पर्ने भन्दै आफ्नो अधिकार लिन आफै सचेत र क्रियाशील हुनुपर्ने भन्दै समाजसमाजको द्वन्द्वलाई सक्रिय रूपमा अगाडि लैजानुपर्ने देखाइएको छ ।

### ४.३.२.१.३ कथानकको आङ्गिक विकास

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कथानकको विकासक्रमलाई आदि, मध्य र अन्त्य गरी तीन खण्डमा विभाजन गरिएको छ ।

### क) आदि भाग

कथानकको प्रारम्भ 'म' पात्र र बूढीआमाले गरेको भ्रमणबाट शुरु हुन्छ । उनीहरूले काठमाडौंको घरलाई छाडेर निस्केपछि विभिन्न ठाउँको भ्रमण गरेका हुन्छन् । उपन्यासको आदि भागमा 'म' पात्र र बूढीआमैले हिँडेपछि विभिन्न प्राकृतिक वातावरणको अध्ययन गरेका हुन्छन् । भिन्न भिन्न समाजका रहेका सामाजिक अवस्थाको अध्ययनका क्रममा बाटामा केटाकेटीलाई भेट्नु, दलालीलाई भेट्नु, सिपाहीसँगको भेटसम्मका कुराहरू आदि भागमा रहेका छन् । आदि भागमा उपन्यास शुरु भएदेखि सङ्घर्षविकास नहुँदासम्मको कथानक यसमा पर्दछ । यहाँ 'म' पात्र तथा बूढीआमाले यात्रा गरेका शुरुका

दिनहरू, जहाँ कुनै पनि किसिमको सङ्घर्ष गर्नुपरेको थिएन त्यहाँसम्मको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । 'म' पात्रले काठमाडौं बाहिरको परिवेशहरू बुझ्न, पहाड, खोच पार गर्दै आफ्नो यात्रालाई अगाडि बढाएकी छ । प्राकृतिक सुन्दरतामा विभोर हुनु तोरीबारीको सुन्दरतामा हराउनु, देश/विदेशका दलालीसँग भेट हुनु तिनीहरूसँगको वार्तालाप मन नपर्नु, यात्रा गर्ने क्रममा होटलमा बस्दा सिपाहीसँग बोलचाल हुनु, उपन्यासको पाना पल्टिएजस्तै ऊ एक हातमा क्लियोपाट्रा ह्विस्कीको बोतल र अर्को हातमा रित्तो गिलास लिएर 'म' पात्रको कोठामा प्रवेश गर्नु, 'म' पात्रलाई यस घटनाले मनमा विभिन्न अन्तरद्वन्द्व चल्नु, रक्सी पिउँदै आफ्नो विगत सुनाउनु, बिहे नगरी रखौटी ल्याउने विचार राख्नु, रक्सी पिइसकेपछि 'म' पात्रलाई राम्रोसँग सुत्न निर्देशन दिनु, गडगडाएर पस्यो, शान्तसँग गयो भन्दै 'म' पात्र म सित्तैँमा उचालिँदै पछारिएँ भन्नुसम्मका सम्पूर्ण घटनाहरू कथानकको आदि भागमा पर्दछन् । यसरी आदि भागमा उपन्यासको मुख्य पात्र 'म' को यात्राको पृष्ठभूमि र उसले देखेका तोरीबारी र केही बाटाहरूको पूर्वसङ्केत गरेको पाइन्छ ।

**ख) मध्य भाग**

होटलमा बस्दा सिपाहीसँग भएको भेटपछिका समाजमा रहेका विकृति, विसङ्गतिहरूको अवलोकन गरेका घटना र ती घटनाहरू दुःख पीडाहरूबाट छुट्कारा पाउन सचेत रहनु पर्ने जस्ता घटनाहरू यस भागमा पर्दछन् ।

होटलबाट निस्कँदा स्कूल जाने उमेरका एकदर्जन केटोकटीहरूसँग भेट हुनु, उनीहरू ट्याक्टर हेर्न जाने कुरा थाहा पाउनु, कुनै सामन्तीले सुकुम्बासीका नाममा बिघौं जग्गा खाएर ट्याक्टर ल्याएका हुनु, त्यसको ड्राइभरसँग भनाभन हुनु, फर्कदा सिपाही मान्छेको बन्दूक ताकेको घटनाले 'म' पात्रका मनमा त्रास उत्पन्न हुनु, रातीमा त्यस मानिसले आत्महत्या गर्नु, त्यस घटनाले अरू मानिसलाई पारेको असर पर्नु, त्यस होटलबाट जाँदा नेपाली बूढाबासँगको भेट हुनु, त्यहाँ भएका रमाइला वार्तालापहरू प्रस्तुत गर्नु, नेपाली बूढाबूढीको समस्या पहिचान गर्नु 'म' पात्रसँग पढेकी साथीसँगको भेट र त्यहाँ नेपाली शिक्षित नारीको अवस्थाको चित्रण गर्नु, होटलमा हुने गरेको ठगीप्रवृत्ति प्रस्तुत गर्नु, होटलमा मालिकले नोकरलाई गरेको हेला, रोग र भोकले ग्रस्त भएको कुरा प्रस्तुत गर्नु, 'म' पात्रलाई होटलको माझिटारेसँगको भेटले मानवीयतामा वृद्धि हुनु,

उसलाई बीस रूपैयाँ दिएर अन्डा खान भन्नु, काठ गोदाममा काम गर्ने व्यक्तिसँगको भेट हुनु, उसको प्रगतिवादी विचारबाट 'म' पात्र प्रभावित हुनु, सचेत मानिसले परिवार पाल्न गर्नुपरेको सङ्घर्ष प्रस्तुत गर्नु, सरकारी कर्मचारीसँग लिफ्ट माग्दाको अनुभवमा नेपालीहरूमा एकले अर्कालाई सहयोग गर्ने भावना हराउँदै गएको अवस्था चित्रण गर्नु, अज्ञात मानिसको जुनसुकै स्थानमा मृत्यु हुन सक्ने कुराहरू प्रस्तुत गर्दै होटलमा बास नपाएर 'म' पात्र र बूढीआमा खुला आकाशमा बस्दाको अनुभव, 'म' पात्र जीवनमा पहिलो पल्ट पहाड चढ्दाको अनुभव आनन्ददायी हुनु, त्यस गाउँमा जीवन जिउन गर्नु पर्ने सङ्घर्षको अवस्थाको चित्रण गर्नु र एक वर्षे बच्चा र आमाको दुर्दशा प्रस्तुत गरेसम्मका घटनाहरू यस उपन्यासको मध्य भागमा पर्दछन् ।

यस भागमा नेपाली समाजको चित्रण गरिएको छ । देशभित्र रहेका विभिन्न समस्याहरू पहिचान गरिएको छ । समाजमा रहेका विकृति र विसङ्गतिमाथि कडा प्रहार गरिएको छ । आफ्नो र समाजको हितमा लाग्न सकेमा सम्पूर्ण देशको विकास हुनसक्छ भन्ने कुरा 'म' पात्रको माध्यमबाट प्रस्तुत गरिएको छ । यस भागमा समाजवादी यथार्थवादी स्वरहरू प्रस्तुत गर्ने प्रयास गरेको देखिन्छ ।

### ग) अन्त्य भाग

उपन्यासको अन्त्य भागमा 'म' पात्र र बूढीआमै एक डेढ महिनाको देशदर्शन गरेर उसको मनमा विभिन्न अनुभवहरू बटुल्दै घर फर्केपछिका घटनाहरू यस भागमा रहेका छन् ।

पहाडबाट झरेपछि 'म' पात्र र बूढीआमा घर फर्कनु, भाइले नेपाली संस्कृतिलाई बिर्सेर विदेशी परिरहनमा मोह देखाउनु, घरमा भएका विभिन्न परिवर्तनहरूमध्ये भाउजूले अमिलो खान थाल्नु, भान्से दिदीको लोग्नेले सौता ल्याउनु जस्ता प्रसङ्गहरू देखाइएको छ । छोरीलाई घरबाट निस्कने स्वतन्त्रता नहुनु, 'म' पात्र यात्रामा निस्केको घटनाले 'म' पात्रकी आमाले बिहेको लागि केटा खोज्नु, 'म' पात्रको प्रेमीले अर्को विवाह गर्नु, 'म' पात्रले विवाह नगरी आत्मनिर्भर हुने चाहना राख्दा घरमा ठूलो बहस हुनु, दाजुको सल्लाहअनुसार जागिर खोज्न जानु, 'सोर्सफोर्स'को जागिर खान नचाहनु दाजुलाई त्यहाँ काम नै नभएको कुरा गर्नु, दाजुले 'म' पात्रको विवाह नगर्ने मनशाय बुझेपछि "अन्त कतै जान्छेस् त ?" (पारिजात, २०३३:७४) भनी सोध्नु र यस कुराले 'म' पात्रका मनमा फेरि

उज्यालो महसूस गर्दै "आज म जीवनको सबैभन्दा मीठो निद्रामा सुत्नेछु। साँच्चै सपनामा म ढुङ्गेधाराको पानी पिएर आफ्ना अज्ञात तिर्खाहरू मेटिरहेकी रहिछु। ( पारिजात, २०३३ : ७५) भन्दै उपन्यासको अन्त्य भएको छ । विभिन्न कथानकहरूलाई यात्रावर्णन गर्दै घटनाहरूको संयोजन गरी उपन्यासको निर्माण गरिएको छ। समाजका एक डेढ महीने देशदर्शन गर्दा घटेका घटनाहरू र दृश्यहरू गाँसेर प्रस्तुत गरिएको यस उपन्यासमा आदि, मध्य र अन्त्यको शृङ्खलामा संरचित उपन्यास रहेको छ ।

### ४.३.२.२ चरित्र/चरित्रचित्रण

पारिजातको 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास लघु आकारमा रहेको उपन्यास हो । यस उपन्यासमा पारिजातले पात्रको प्रयोग गर्दा पात्रको नाम वास्तविक राखेकी छैनन्, पात्रहरूले गर्ने कार्यव्यापारका आधारमा पात्रको नामकरण गरिएको पाइन्छ। यस उपन्यासमा 'म' पात्रको प्रयोग गरेर कथानक अगाडि बढाइएको छ। यात्राका क्रममा 'म' पात्रले देखेका र भेटेका मानिसहरू आफ्ना घरपरिवारका सदस्यहरूको संयोजनमा उपन्यासमा चरित्रको उपस्थिति गरिएको छ। भने 'म' पात्र यस उपन्यासकी मुख्य पात्र हो। 'बूढीआमा' पनि 'म' पात्रलाई यात्राको क्रममा शुरुबाट अन्तिमसम्म साथ दिएकाले केन्द्रीय पात्रको सहायक चरित्रका रूपमा लिन सकिन्छ ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास पारिजातले प्रगतिवादी धारणा अगाडि ल्याउने प्रयासस्वरूप आएको हुनाले उनका पूर्ववर्ती उपन्यासहरूमा भन्दा वर्गीय चरित्रको उपस्थित गराएको देखिन्छ। 'म' पात्र विभिन्न वर्गका पात्रहरूको सिर्जना गर्दै कथानकलाई अगाडि बढाएको देखिन्छ ।

वास्तविक नामबाट चरित्रको चित्रण नगरे पनि चरित्रले गर्ने क्रियाकलापका आधारमा 'म' बूढीआमै, सिपाही, मालिक्नी, भान्से दिदी, भाउजू, छोराकी आमाजस्ता चरित्रको उपस्थित गराएको पाइन्छ। यो उपन्यास 'म' पात्रको केन्द्रीयतामा रहेको छ। 'म' पात्रले गरेको यात्रावर्णनमा नै यो उपन्यास केन्द्रित रहेको छ। 'म' पात्र नै यस उपन्यासको प्रमुख पात्र हो। 'म' पात्रको यात्रालाई शुरुदेखि अन्त्यसम्म साथ दिएरसँगै हिँडेको हुनाले बूढीआमाको चरित्र पनि राम्रो देखिन्छ। यसरी यस उपन्यासमा बूढीआमा

'म' पात्रको दाइ, होटल मालिक, होटलमा काम गर्ने माझीटारे, बूढाबा, छोराकी आमा, ट्याक्टर ड्राइभर उपन्यासको छोटो समयमा आएर पनि उपन्यासको कथानकमा धेरै महत्त्व राख्ने भएकाले यी चरित्रहरू सहायक चरित्रका रूपमा आएका छन् ।

उपन्यासमा यात्राका क्रममा भेटेका अन्य पात्रहरू केटाकेटीहरू, किस्ने, गोर्जे आदि, आत्महत्या गरेको सिपाही, गणेशबहादुर, पलेदाई, सारङ्गी बजाउने गाइने, भान्से दिदी, 'म' पात्रको भाइ, भाउजू, पुलिस, सरकारी जीपको मानिस, सामन्ती कहाँ काम गर्ने पुलिस, सरकारी जीपको मानिस, 'म' पात्रकी साथी, मानबहादुर, भरिया, होटलका मानिस, सामन्ती कहाँ काम गर्न बसेकी महिला, गाउँमा भेटेका केटोकटीहरू, भान्से दिदीको लोग्ने, विभिन्न होटलका मालिकहरूजस्ता थुप्रै गौण चरित्रहरू आएका छन् । यस्ता थुप्रै गौण पात्रहरूको प्रयोग गर्दै उपन्यासको यात्रा वर्णन यथार्थ स्थिति देखाउने काम भएकाले 'म' पात्र र औपन्यासिक कथावस्तुलाई अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ । उपन्यासका केही पात्रहरूको चरित्र चित्रण यहाँ प्रस्तुत गरिएको छ :

**प्रमुख पात्र, 'म' पात्र**

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको केन्द्रीय चरित्र वा नायिकाका रूपमा 'म' पात्र रहेकी छ । यहाँ नामिक शब्दबाट पात्रको चिनारी नगरी पारिजातले प्रथम पुरुष दृष्टिविन्दुमा 'म' पात्रलाई सिर्जना गरेर उपन्यासको कथानकलाई प्रस्तुत गरेकी छन् । 'म' पात्र काठमाडौंको मध्यम परिवारमा जन्मिएकी चरित्र हो । ऊ पढेलेखेकी छ । दुई वर्षसम्म जागिर खाएर आर्थिक रूपमा पनि केही सक्षम रहेको देखिन्छ । घरको आर्थिक अवस्था पनि राम्रो छ । घरमा काम गर्ने नोकर चाकर राख्न सक्ने सक्षमता भएको सक्षम परिवार छ । ऊ आफू मध्यमवर्गीय परिवारमा जन्मिएर पनि यात्रा गर्ने क्रममा, देखेका, सुनेका, उनीहरूले भोगेका र दुःख पाएका निम्नवर्गको पक्षमा उभिएकी चरित्र हो । उपन्यासको सबैभन्दा मुख्य भूमिका उसैको रहेको छ । उपन्यासमा 'म' पात्रलाई उपस्थित गराएर आफूले गरेको यात्रा भ्रमणको वर्णन गरेको प्रतीत हुन्छ । उपन्यासको शीर्षकमा रहेको 'तोरीबारी, बाटा र सपनाहरू' पनि 'म' पात्रको जीवन यात्रासँग गाँसिएको देख्न सकिन्छ ।

'म' पात्रले दुईवर्ष जागिर खाएर आएको पैसा पुरुषप्रधान समाजको मान्यताअनुसार छोरीका कमाइ आमाबावुले खान हुन्न भनी लिन अस्वीकार गरेपछि त्यस पैसाले आफ्नै सौतेनी दाजुको सल्लाहमा देशका विभिन्न ठाउँको भ्रमण गर्दछे । यात्राका क्रममा देशका विभिन्न ठाउँहरूमा रहेका रीतिरिवाज, परम्परा, प्राकृतिक मनोरमताको अध्ययन गर्न पुग्दछे। काठमाडौंबाहिर विभिन्न ठाउँहरूका विभिन्न सामाजिक यथार्थहरूलाई देख्दा गरीब मानिसहरूको पक्षमा वकालत गर्न पुग्दछे। उसले समाजमा रहेका विभिन्न अन्धपरम्पराहरू सुधार गर्नुपर्ने, गरीब र धनीको खाडल हुन नहुने, मालिकले कामदारलाई राम्रोसँग हेरविचार राख्नु पर्नेजस्ता विचारहरू राख्न पुग्दछे। यस उपन्यासमा घटेका घटनाहरू 'म' पात्रकै सेरोफेरोमा जग हालिएको छ ।

सामाजिक दृष्टिमा मध्यम परिवारमा जन्मिएर हुर्किएकी 'म' पात्र यात्रा गर्ने क्रममा निम्नवर्गीय मानिसको वकालत गर्ने वर्गीय चरित्रको रूपमा देखापर्दछे। 'म' पात्र जब देशका विभिन्न ठाउँको भ्रमण गर्न जान्छे, त्यस समयमा समाजमा रहेका विभिन्न विकृति र विसङ्गतिहरूको अध्ययन गर्न पुग्दछे। 'म' पात्र जुन जुन ठाउँमा जान्छे, त्यहाँ त्यहाँ फरक-फरक परिवेश र फरक सामाजिक यथार्थहरू देख्छे। त्यस समयमा ऊ सचेत शिक्षित पात्र भएको हुँदा ती समस्याहरू केलाउन र समस्या समाधानको बाटो पहिल्याउन खोजेको अनुभूति हुन्छ। त्यस समयमा समाजको हितमा वकालत गर्ने वर्गीय चरित्रको निम्ति सङ्घर्ष गरेकी छ। आफू सम्पन्न परिवारकी पात्र भए पनि निम्नवर्गीय मानिसको वकालत गर्ने चरित्रको रूपमा यहाँ उपस्थित रहेकी छ ।

स्वभावका आधारमा हेर्दा यस उपन्यासकी 'म' पात्र गतिशील रहेकी छ। प्रारम्भमा यथार्थको सही विश्लेषण गर्न नसक्ने 'म' पात्र शिक्षित शिक्षिका भएर पनि घरको परिवेश भन्दामाथि उठ्न नसकेकी हुन्छे, तर घरमा आफ्नो कमाइलाई लिन अस्वीकार गरेपछि दाजुको सल्लाहमा यात्रामा निस्किन्छे। दाजुले गरेको नारीजातिका मूल्याङ्कनमा सचेत रहँदै उसले नेपालका विभिन्न समाजमा रहेका मानिसहरूका दुःख, पीडा, दर्दमा सामेल हुन पुग्दछे। जीवनमा धेरै उतार चढाव भइरहने कुराको ज्ञान भएपछि उसले समाजहितमा एक एक भएर हुँदैन, सामूहिक रूपमा लाग्नु पर्ने विचार गर्दछे। नेपाली समाजमा छोरीहरू कठपुतलीजस्तै हुँदै आएकामा नारीले पनि पुरुष सरह

जुनसुकै समस्याको समाधान गर्न सक्दछे भन्ने सन्देश सम्प्रेषण गर्न पुग्दछे । प्रत्येक समस्याको वैज्ञानिक कारण खोज्ने, सक्षम र गतिशील चरित्रका रूपमा 'म' पात्र रहेकी छ ।

उपन्यासमा 'म' पात्रको चरित्रनिर्माणमा स्वाभाविकता पाइन्छ । आफू भोक्ता पात्र नभए तापनि द्रष्टा पात्रले पनि भोक्ता पात्रको समस्यालाई केलाउने चरित्रको निर्माण गरिएको छ । 'शिरीषको फूल' उपन्यासमा सुयोगवीर र सकम्बरी जस्ता उल्लेखनीय चरित्रहरूको निर्माण गरेर चरित्र निर्माणको कुशलता प्रदर्शन गरेकी पारिजातले यस उपन्यासमा पनि 'म' पात्रलाई आफ्नो व्यक्तित्वका पहलुवा मानेकी छन् । 'म' पात्रलाई मनोविज्ञान र सामाजिक परिस्थितिको आधारमा विकसित गरेको देख्न सकिन्छ । घरबाट नारीजातिको सोचाइमा असन्तुष्ट 'म' पात्र यात्रा गर्ने क्रममा विभिन्न स्थानमा पुग्दछे । यात्रा गर्ने क्रममा बाटामा देखेका प्राकृतिक सुन्दरता, फाँटका फाँट पहेलै फुलेको तोरीबारीबाट आत्मविभोर भएकी छ । यात्रा गर्दा विभिन्न ठाउँहरू, फरक परिवेश, फरक समस्याहरूलाई देख्दा उसको सोचाइमा ठूलो परिवर्तन देखिन्छ । आफू पुग्नु पर्ने निश्चित ठाउँ नरहेको भनेर घरबाट निस्केकी 'म' पात्रले अन्त्यमा नेपालको कुना कुनामा पुगेर त्यहाँको समस्या पहिचान गर्नुपर्ने यथार्थता देखाउन पुग्दछे । यस उपन्यासमा 'म' पात्र यात्राको क्रममा विभिन्न मानिसहरूसँग भेट हुन पुग्दछ । उससँग सँगै हिँड्ने बूढीआमालाई आफ्नो सम्पत्तिको मोह छैन भन्दै देशका एकल महिलाहरूको समस्याको विश्लेषण गर्ने पुग्दछे । यात्रा गर्दा एक विवाहित जोडीलाई देखाउँदै नेपालका नारीहरूलाई ललाई फकाई विवाह गर्ने र विदेशमा लगेर बेच्ने यथार्थको उठान गर्न पुग्दछे । महिला आफू आत्मनिर्भर र सचेत रहनुपर्ने विचार राख्दछे । दलाली गर्ने दलाल, फौजी सिपाही आदिसँगको भेट गराई महिलाले आफू नै सचेत रहन सक्नु पर्ने विचार राख्दछे । काठगोदाममा काम गर्ने मानिसको प्रसङ्ग ल्याउँदै देशको विकासमा सकारात्मक सोचाइ भएका निम्नवर्गका मानिसले आफ्नो घरपरिवार पाल्नमा नै सङ्घर्ष गर्नुपरेको यथार्थताको वकालत 'म' पात्रले गर्न पुग्दछे । सामन्ती संस्कारले नेपालका मानिस विश्वका मानिससँग दाँज्दै अर्काको घरमा काम गर्ने महिलाको नाजुक अवस्थाको विश्लेषण गर्न पुग्दछे । आफू जन्मिएका देशमा नै सुरक्षा नभएको घटना उल्लेख गरेर मानिसमा मानवीयता भन्ने कुरा

हराउँदै गएको यथार्थलाई प्रस्तुत गर्न पुग्दछे। होटेलमा बास बस्ने क्रममा होटलवालाको गैर जिम्मेवारी, त्यहाँ काम गर्ने कामदारहरूको हविगत देखाउन माझ्कीटारे ठिटोलाई प्रसङ्गमा ल्याउँदै 'म' पात्रले आफू एक जनाले गरेको नारीसुलभ मायाले केही नहुने भन्दै यसका लागि सङ्गठित हुनुपर्ने सन्देश दिन पुग्दछे। आफूले पैसा तिरेर पनि होटलमा बस्न नपाएको र खाली आकाशमुनि बस्नु परेको यथार्थता प्रस्तुत गर्दै यहाँ मृत्यु जुनसुकै बेला जो सुकैले पनि गर्न सक्दछ भनेर पुलिसतन्त्रमा आफ्नो जिम्बेवारी पूरा नगरेको घटनाहरू देखाइएको छ। 'म' पात्र पहाडको यात्रा गर्दै शहरमा बस्ने मानिसहरूलाई नेपालका कुनाकन्दरामा पुगेर तिनीहरूको समस्यामा सामेल हुनुपर्ने कुरा बताउन चाहेकी छ। घरको आर्थिक अवस्था कमजोर भई घरमा बस्न नसकी घरपरिवारलाई त्यागेर पलायन हुनुपर्ने पुरुषहरूको यथार्थता प्रस्तुत गर्न पुग्दछे। कठिन अवस्थामा पुरुष पलायन भएर छुट्कारा पाउने तर महिलाले त्यसबाट पार नपाउने अवस्थाको विश्लेषण गर्दै नेपाली महिलाहरूका पीडा र छटपटीका कथा 'म' पात्रले देखेका घटनाहरूको माध्यमबाट व्यक्त गरिएको छ।

यसरी यस उपन्यासबाट 'म' पात्रलाई झिकिदिने हो भने उपन्यासको अस्तित्व नै रहँदैन। आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाहरूलाई एउटै सूत्रमा जोड्ने काम 'म' पात्रले गरेकी छ। उपन्यासको रङ्गमञ्चमा प्रत्यक्ष रूपले देखापर्ने चरित्र भएकीले ऊ मञ्चीय पात्र हो। उपन्यासको आदिदेखि अन्त्यसम्म नै सकारात्मक कार्यहरू गरी पाठकको सहानुभूति बटुल्न सक्षम पात्र भएकीले 'म' पात्र उपन्यासमा अनुकूल पात्रको रूपमा देखा पर्दछे।

**सहायक पात्रहरू :**

**क. बूढीआमा**

बूढीआमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा सहायक चरित्रका रूपमा आएकी छ। ऊ पहाडमा जन्मिएर हुर्किएकी महिला पात्र हो। यो उपन्यास लेख्नुभन्दा बीस वर्षअघि अलमस्त लाहुरेले उसलाई भाक्सूमा भगाएको थियो। भाक्सूको फ्यामिली क्वार्टरमा ऊ लाइनछोकरी भएर बसेकी थिई। घर सजाउने र सिङ्गार गर्न त्यहाँ सिकेकी बूढीआमाको लोग्नेको कालगतिले मृत्यु हुन पुग्दछ। त्यसपछि आँसु र सुस्केरा लिएर ऊ

गाउँघरमा आउन पुग्दछे। उसलाई एकल महिला भएका कारणले फकाउन र जुवारी खेल्न आउनेहरूलाई वास्ता नगरी आफू बाँझो हुनुलाई ध्यानमा राख्दै अर्को विवाह नगरी 'म' पात्रको घरमा काम गर्न बाध्य भएकी चरित्रका रूपमा रहेकी छ।

आफ्नो घरको सम्पत्ति आफ्नै जेठाजुका छोराहरूले आँखा गाडेपछि र पञ्चायतको सतासी पनि उतै मिलेपछि त्यो सम्पत्तिभन्दा शरीर ठूलो भएको विचार अगाडि राख्दै भन्छे

> पञ्चायतको सतासी पनि त्यतै मिलेको छ रे। जाबो त्यो आठ रोपनी जग्गा त जाली फटाहाले खाइहाल्छ नि आफ्नो जीउ पो नपाउनु। भुतुक्कै हुने गरी मारिदिए भने ....... म त अगति भएर मर्नु नपरोस्।" ( पारिजात, २०३३ : ३)।

घरपरिवारको सम्पत्तिलाई त्यागेर 'म' पात्रको घरमा काम गरेर जीवन धान्न पुगेकी अशिक्षित, गरीब तर इमानदार व्यक्तिको रूपमा देखा परेकी छ। बूढीआमैले उपन्यासमा 'म' पात्रको यात्रामा शुरुदेखि अन्त्यसम्म सहयोगीको भूमिका निर्वाह गरेकी छ र यस उपन्यासमा 'म' पात्रको राम्रा काममा साथ दिएकी अनुकूल चरित्र हो। 'म' पात्र काठमाडौंको परिवेशबाट पहिलो पटक बाहिर गएर भ्रमण गर्दा उसलाई बूढीआमाले विभिन्न वातावरणसँग जुध्नुपर्ने, धैर्य र साहस बढाउने प्रेरणा दिइरहने चरित्रका रूपमा रहेकी छ।

जीवनमा पाएका दुःख र कष्टलाई सम्झन नचाहने चरित्र हो। उसका आफ्ना छोराछोरी नभए पनि मातृत्वको बोध भएकी पात्रका रूपमा रहेकी छ। यस उपन्यासमा 'म' पात्रलाई आफ्नै छोरीको रूपमा हेरेकी छ। उसको काममा दखल नगरेर आवश्यक ठाउँमा सहयोग र सुझाव दिन चुकेकी छैन। लोग्नेले छाडेर हिँडेपछि एक्लै परेकी महिला र उसको एक वर्षे छोराको दुर्दशाले मर्माहात बनेकी छ। पुरुषप्रधान समाजमा पुरुषले जे गरे पनि हुने तर महिलाले दुःख, कष्ट भोग्नुपर्ने नेपाली परम्पराप्रति रुष्ट छे।

यसरी यस उपन्यासमा 'म' पात्रको यात्रामा सँगैसाथ दिने सहयोगी चरित्र हो। कथामा अनुकूल प्रभाव छाड्ने मञ्चीय पात्रको रूपमा रहेकी छ।

**ख. 'म' पात्रको दाइ**

छोटो समयका लागि उपस्थित भएर पनि उपन्यासमा ठूलो भूमिका खेल्ने सहायक चरित्रका रूपमा 'म' पात्रको दाइ आएको छ। यस उपन्यासमा दाइ काठमाडौंको मध्यम परिवारमा 'म' पात्रसँग बस्ने चरित्र हो। घरपरिवारका सदस्यहरूलाई सकारात्मक प्रभाव पार्न सफल रहेको छ। 'म' पात्र र दाइका एउटै आमा भए पनि बावु भने फरक फरकका छन्। दाइ 'म' पात्रको सकारात्मक कार्यलाई कहिल्यै पनि रोकावट नगरी 'म' पात्रको सहयोग गर्ने अनुकूल पुरुष पात्र हो।

नारी स्वतन्त्रताको सहयोगीका रूपमा रहेको दाइले 'म' पात्रलाई घरबाट बाहिरी संसारको यात्रा गर्न सक्नुपर्ने विचार व्यक्त गर्दछ। 'म' पात्र यात्रामा जानुभन्दा पहिले नै उसलाई सचेत बनाउँदै यस्तो भन्न पुग्दछ "तँ आधुनिक स्वास्नीमान्छे, तेरा कल्पना सधैं मानी हुने गर्छ, तैंले मरुभूमिको यात्रा गरेकी छैनस् तर मैले गरेको छु। अरू त कुरा छोडिदिऊँ मैले घना बाँसघारीले ढाकेका दशवटा बडेमानका पहाडहरू एउटै यात्रामा काटेको छु। तँलाइ विश्वास लाग्छ हामीलाई त्यसबेला घाम-जून केही पनि हुन्छ जस्तो लाग्दैनथ्यो। तलाईं खैरी फाट काट्नु त्यति गाह्रो छैन यहाँ, यसको सट्टामा यस गोरेटाले तँलाई आँखाको मेख मरुन्जेल तोरीबारीहरू दिनेछ।" (पारिजात, २०३३:०१)।

'म' पात्रलाई जीवनका सबै उतारचढाव बहन गर्न, नारीजातिको कमजोरीलाई सुधार गर्नुपर्ने चाहना राख्दै 'म' पात्रलाई यस्तो भन्न पुग्दछ "तिमीहरूले अनुहारमा घसेको पाउडरको खत पन्छाएर हावापानी र घामलाई कहिल्यै चुनौती दिन सकेनौं। तिमी स्वास्नीमान्छेहरू द्रवित, क्षुब्ध र असहाय हुनुको मुख्य कारण नै यै हो।" पारिजात, २०३३:४) यस भनाइले 'म' पात्रलाई यात्रा गर्दा सकारात्मक रूपमा पुनर्बल पुगेको देखिन्छ। 'म' पात्र यात्राबाट फर्केपछि आमाले उसको विवाह गर्ने केटो खोज्छे। 'म' पात्रलाई विवाह गर्ने चाहना नभएको बुझेपछि आमालाई सम्झाएर 'म' पात्रलाई विवाह गर्न लगाउँदैन। बहिनीको चाहनाअनुरूप जागिरको लागि भनिदिन्छ। 'म' पात्रले सोर्सफोर्सको भरमा जागिर नखाने अहं भएकाले त्यहाँ काम नभएको कुरा दाजुलाई भन्दा उसले फेरि अन्त कतै यात्राको अनुमति दिन पुग्दछ।

यसरी यस उपन्यासमा छोटो समयका मञ्चमा उपस्थित भएर पनि 'म' पात्र र नारीजातिको सहयोग गर्ने अनुकूल पात्र हो । यसरी हेर्दा प्रगतिवादी सोच भएको वर्गीय जीवनचेतना भएको सहायक चरित्रको रूपमा आएको छ ।

### ग. 'म' पात्रकी आमा

यस उपन्यासमा 'म' पात्रकी आमा त्यस समयको नेपाली समाजको प्रतिनिधि चरित्रको रूपमा रहेकी छ। आमा काठमाडौं शहरमा बस्ने भएर पनि अशिक्षित, अन्धपरम्परालाई निरन्तरता दिन चाहने, प्रगतिवादी चेतनाको प्रतिकूल चरित्रका रूपमा रहेकी छ। नेपाली समाजमा छोरीलाई घरभन्दा बाहिर निस्किन हुँदैन भन्ने रूढि परम्परामा शिकार भएकी छ। छोरीलाई बन्धनमा राख्ने तर छोराछोरी पाल्न महिलाले गर्नु पर्ने सङ्घर्ष देखाउन छोरालाई स्वतन्त्र छाड्ने चरित्रको रूपमा आमा राखिएको छ। छोराले भनेको कुरा इन्कार नगर्ने आमाले छोराको भनाइ हार्न नसकेर 'म' पात्रलाई यात्रा गर्ने अनुमति दिन पुग्छे। यात्राबाट फर्केपछि छोरीलाई बिहे गर्न हतारिएकी आमाले 'म' पात्रको लागि केटो खोज्दछे। 'म' पात्रले विवाह नगर्ने कुरा गर्दा आमाले घरमा ठूलो उत्पात मच्चाउन पुग्दछे। 'म' पात्रले दाइमार्फत विवाह नगर्ने अडान राखेपछि दाइले आमासँग गएर बहिनीको विवाह नगर्ने कुरा गर्न पुग्दछ। यसबेला भने छोराको कुरा काट्न नसक्ने नेपाली आमाको प्रतिनिधि पात्रका रूपमा आएकी छ।

यसरी यस उपन्यासकी आमा प्रतिकूल स्त्री पात्रको रूपमा आएकी छ। व्यक्तिगत जीवनचेतना भएकी, गतिहीन स्वभाव र पुरातन सोचाइ भएकी चरित्र हो । छोटो समयका लागि मञ्चमा आउने मञ्चीय चरित्रको रूपमा रहेकी छ ।

### घ. माभ्रीटारे

'तोरीवारी, बाटा र सपनाहरू' उपन्यासमा 'म' पात्रले यात्रा गर्दै विभिन्न ठाउँको भ्रमण गर्ने क्रममा होटलहरूमा बास बस्न पुग्दछन् । यसरी एउटा होटलमा बस्ने क्रममा 'म' पात्रको माभ्रीटारेसँग भेट हुन्छ। माभ्रीटारे दुब्लो, ख्याउटे, रोगले ग्रस्त भएको होटलमा काम गर्ने केटो हो । 'म' पात्रलाई उसको दयनीय अवस्थाले स्तब्ध तुल्याएको

छ । माझीटारे होटलमा काम गर्ने मजदूरहरूको प्रतिनिधि चरित्र हो । यसका माध्यमबाट होटलमा काम गर्ने मानिसको दयनीय अवस्था देख्न सकिन्छ ।

लामो समयदेखि बिरामी भएको माझीटारेलाई रिँगटा लाग्छ, खान मन लाग्दैन, सुख्खा खोकी लागिरहेको हुन्छ । होटलको सबै काम उसले गरेको हुन्छ । खानामा मट्टितेल पर्दा पहिला माझीटारेलाई 'म' पात्रले गाली गर्न पुग्दछे, यसका माध्यमबाट होटलमा काम गर्ने कामदारहरूले एकोहोरो काम गरिरहनु पर्ने र होटलमा आउने मानिसको समेत गाली खानु पर्ने अवस्था देखाइएको छ । अन्त्यमा 'म' पात्रलाई माझीटारेको दयनीय अवस्थामा बीस रूपैया दिएर अन्डा खान भन्छे । यस क्रममा 'म' पात्रमा आन्तरिक द्वन्द्व हुन पुग्छ र मनले यस्तो भन्न पुग्दछे

> "हामी कतैतिर बेस्कन सम्बन्धित छौं । यस समाजमा माझीटारे, हामी जान्ने सुन्नेहरूले तिम्रो निम्ति बोल्न सकेनौं अथवा तिमीलाई बोल्न सिकाएनौं, त्यसैले हामीजस्ता आँखा छलेर भाग्नेहरूको अनुहारमा तिमीले थुके हुन्छ, माझीटारे" (पारिजात, २०३३:४९) ।

माझीटारे यस उपन्यासको मजदूर वर्गको प्रतिनिधि चरित्र हो । ऊ अशिक्षित छ र उपन्यासमा स्थिर चरित्रको रूपमा रहेको छ । उसलाई मजदूर हितको ज्ञान छैन, जीवन जिउन सङ्घर्ष गरिरहेको उसमा क्रान्तिचेत आउन सकेको देखिँदैन । छोटो समयका लागि मञ्चका देखिने कसैको कुभलो नगर्ने चरित्र हो । यहाँ 'म' पात्रले माझीटारेका माध्यमबाट आफ्नो हितमा सामूहिक रूपमा लड्नु पर्ने सन्देश दिएको देखिन्छ र काठ गोदाममा काम गर्ने केटासँग आफ्नो समस्या भन्न पुगेको देखिन्छ ।

### ङ. काठ गोदाममा काम गर्ने केटो

यस उपन्यासमा यात्रा गर्ने क्रममा नेपाली समाजका विभिन्न पात्रहरूको उपस्थिति गराइएको छ । यात्रा गर्दै जाने क्रममा 'म' पात्रको काठ गोदाममा काम गर्ने केटासँग भेट हुन्छ । निम्नवर्गको सचेत शिक्षित वर्गीय चेतको ज्ञान भएको, तर जीवन जिउन र घर परिवार, आमाबुवा, छोराछोरी पाल्न सङ्घर्ष गर्नु पर्ने नेपाली युवाहरूको प्रतिनिधि पात्र हो ।

काठ गोदाममा काम गर्ने केटाको आर्थिक अवस्था कमजोर रहेको छ, उसले परिवार पाल्नाका लागि काठको ठेकदारको घरमा काम गर्न पुग्दछ । उसलाई यो काम मन परेको छैन । शिक्षित भएर र वर्गीय चेत भएर पनि वन फडानी गर्ने काम गर्न बाध्य भएको पात्रको रूपमा आएको छ । जीवनमा सङ्घर्ष गरेर भए पनि देश र समाजको हितमा काम गर्न सक्ने चरित्र थियो, तर यहाँ त्यस्तो प्रगतिवादी पाइला चाल्न सकेको छैन । उसले प्रगतिवादतर्फ लम्कनेलाई शुभकामनामात्र दिन पुगेको देखिन्छ । यसका माध्यमबाट उपन्यासकारले नचाहँदा नचाहँदै पनि जीवन धान्नाका लागि गर्नुपरेको सङ्घर्षलाई यहाँ समस्या देखाउन खोजिएको छ ।

यस उपन्यासमा काठ गोदाममा काम गर्ने पुरुष पात्र, स्थिर चरित्रका रूपमा रहेको छ । वर्गीय चेत भएर पनि व्यक्तिगत चरित्र भएको र छोटो समयका लागि मञ्चमा उपस्थित भएको चरित्रको रूपमा आएको छ ।

**गौण पात्रहरू**

यस उपन्यासमा यात्राका क्रममा फरक फरक परिवेशमा अन्य धेरै गौण चरित्रहरू आएका छन् । उपन्यासमा आएका पात्रहरू र घटनाहरूलाई यात्राका धागामा उन्ने काम गरिएको छ । यात्रा गर्दा भेटिएका फौजी सिपाही, आत्महत्या गर्ने सिपाही, पुलिस, छोराको आमा, बूढाबा आदिले त्यसबेलाको नेपाली समाजको यथार्थलाई प्रस्तुत गर्ने चरित्रका रूपमा आएका छन् । यात्रामा भेटिएका बूढा बा नेपालीपनले भरिएका हँसिला, रसिला व्यक्ति हुन् । उसका माध्यमबाट आम वृद्ध नेपालीको कथा, व्यथालाई देखाइएको छ । बूढाबा मालिकद्वारा चुसिएको, ठगिएको, बल घटेपछि फालिएको र छोराद्वारा नहेरिएको पात्र हो । नेपाली समाजमा वृद्धवृद्धाहरूको प्रतिनिधि पात्रका रूपमा रहेको छ । यति भएर पनि उसको छोराप्रति कुनै गुनासो नरहेको सन्तानको मायामा लुप्त पात्र हो ।

'म' पात्रकी साथीका माध्यमबाट नेपाली महिलाहरू विवाह गरेर गएपछि शिक्षा र उपाधिको कुनै अस्तित्व नरहने पुरुष प्रधान समाजमा पुरुषको अधिनमा चल्नु पर्ने पात्रको रूपमा रहेकी छ । उसले आफ्नो स्वतन्त्रता प्रयोग गर्न सक्ने थिई, तर अस्थिर पात्रका रूपमा रहेकी छ ।

छोराकी आमाको चरित्रका माध्यमबाट लोग्नेबाट टाढा भएकी महिलाले आफ्ना छोराछोरी पाल्न गर्नु परेको समस्याहरू देखाइएको छ। अर्काको घरमा काम गर्ने महिलाबाट सामन्ती प्रथाको कुप्रभावलाई देखाइएको छ भने, गाइनेको चरित्रको माध्यमबाट जातजाति हेर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ। होटल मालिक्नीको माध्यमबाट धर्मप्रतिको धारणा र होटल मालिकको ग्राहकको माग र आवश्यकतालाई नहेरी व्यक्ति स्वार्थमा ठिक्क पार्ने चरित्रहरूको यहाँ चित्रण गरिएको छ।

यी माथिका चरित्रबाहेक पनि अरू चरित्रहरूको प्रयोग पनि यस उपन्यासमा गरिएको छ। यिनीहरूको भूमिका ज्यादै गौण भए तापनि यिनीहरूले औपन्यासिक विषयवस्तुलाई गतिशील बनाउन थोरथोर सहयोग पुऱ्याएकै देखिन्छ।

### ४.३.२.३ परिवेश

आख्यानात्मक कृतिमा परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। परिवेश भन्नाले देश, काल र वातावरण बुझिन्छ। यसले उपन्यासमा घटना र चरित्रलाई समुचित पृष्ठभूमि प्रदान गर्दछ। यसअन्तर्गत जीवनका कथा, रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेशजस्ता कुराहरू पर्दछन्।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास यात्रा वर्णनमा आधारित उपन्यास हो। 'म' पात्र विभिन्न ठाउँको भ्रमण गर्दछे र यही भ्रमण गरेका विभिन्न ठाउँका दृश्यहरू र घटनाहरू नै उपन्यासको कथावस्तु बनेको छ। यस उपन्यासमा कार्यव्यापार भएका वा घटना घटेको ठाउँहरूको स्पष्ट नाम उल्लेख गरिएको छैन, स्वयम् पारिजातले यस उपन्यासको भूमिकामा

> यस उपन्यासको यात्रा सिलसिला केही एब्स्ट्र्याक्टरूपमा अघि बढेको छ। ठाउँहरूको कुनै खास नाउँ छैन। पाठकले यो समतल, यो पहाड यो गाउँ भनी बुझिदिनुभए पुग्छ। अन्तमा उपन्यासका केही स्थितिहरू अस्वाभाविक जस्ता लाग्लान् र ती अस्वाभाविक स्थितिहरू (यदि ठहरिएदेखि) को जोखिम म उठाउन तयार छु। यो जोखिम उठाउनाका केही खास कारणहरू छन् (पारिजात, २०३३ : भूमिका)।

पारिजातको माथिको भनाइबाट नै यस उपन्यासमा भएको परिवेशको स्पष्ट अवस्था देखिन्छ । 'म' पात्रको घर काठमाडौं हो । आफूले कमाएको पैसा घरव्यवहारमा काम नलाग्ने भएपछि घरबाट 'म' पात्र र बूढीआमा विभिन्न ठाउँको भ्रमण गर्न निस्कन्छन् यात्रा गर्ने क्रममा विभिन्न समथर भूमि, पहाड, शहर विभिन्न ठाउँमा पुग्दछन् बूढीआमाले मकवानपुर, हेटौडा जस्ता ठाउँका नाम उच्चारण गर्दा 'म' पात्र आफू पनि नयाँ भएकाले ठाउँको नाम थाहा नभएको कुरा व्यक्त गर्दछे । पारिजात यस उपन्यासमा 'म' पात्रको सिर्जना गरी आफूले राल्फाकालमा भ्रमण गरेका वीरगन्ज, हेटौंडा, कलैया, भीमफेदी, पोखरा, पाल्पा, भैरहवाजस्ता ठाउँहरूको परिवेश यस उपन्यासमा ल्याएको प्रतीत हुन्छ तर यस उपन्यासमा खास ठाउँको उल्लेख गरिएको छैन । 'म' पात्र यात्रा गर्ने क्रममा तोरीबारीको पहेलै फुलेको फूलको फाँटको प्राकृतिक दृश्यबाट ऊ पुलकित बन्न पुगेकी छ । यसरी यो पहाड नभई तराईको समथर ठाउँ रहेको भान हुन्छ । जहाँ फाँटका फाँट तोरीबारी छन् । त्यो पहेँलपुर तोरी फुलेको दृश्यले 'म' पात्र प्राकृतिका अनुपम सुन्दरतामा अत्मविभोर भई जीवनमा सुखको अनुभूति गर्न सफल बनेकी छ । यसै क्रममा 'म' पात्र भन्न पुग्छे "मेरी आमोइ कस्तो प्याँलपुर फुलेछ हँ तोरी ! जोडा जोडा पहेंला पुतलीहरू उड्दै बस्दै गरिरहेका छन् । लाग्छ तोरीको फूल नै उडिरहेको छ कि वाह ! प्रकृतिले क्यामोफ्लाज गर्नसक्छु । हामीले प्रकृतिसँग जोरी खोजेर सक्तैनौं" (पारिजात, २०३३ : ११) ।

यात्रा गर्दै जाँदा विभिन्न चौतारीहरू पार गर्दछे, विभिन्न होटलमा बस्न पुग्दछे त्यहाँ विदेशी जासूससँगको सम्पर्क, रक्सी खाएको सिपाहीसँगको भेटजस्ता परिवेश आएका छन् । यसले 'म' पात्रलाई आतङ्कित बनाएको छ । समाजमा रहेका विभिन्न विकृति र विसङ्गतिलाई नियाल्दै जाँदा विभिन्न फाँट पार गर्दै ट्याक्टर हेर्न गएका केटाकेटीसँग 'म' पात्र त्यहाँ पुगेकी र सुकुम्बासीका नाममा हुनेखानेले मोज गरिरहेको परिवेश यहाँ देखाइएको छ । फर्किएर आउँदा होटलमा भएको आत्महत्याले पारेको असर प्रस्तुत गरिएको छ । होटलबाट निस्केपछि नदीमा पुगेर डुँगा चढ्दाको परिवेश र त्यहाँ नेपाली बूढासँगको भेट भएका वार्तालाप गर्दै होटलभन्दा अघिको चौतारीमा बस्दै नयाँ गाउँमा पुगेको सन्दर्भ प्रस्तुत गर्दै 'म' पात्र भन्न पुग्छे "आह ! बाटा र सपनाहरू...... । जवाकुसुमको राता थुँगाहरू चिटिक्क परेको घर, ढोका, ढोकानेर पालेजस्तो उभिरहेको

एउटा बडेमानको सूर्यमुखी" (पारिजात, २०३३:२७) । त्यहाँ 'म' पात्रको साथीसँगको भेट होटलमा बस्दा भातमा मट्टितेल मिसाएर खान दिएको प्रसङ्ग, होटलमा काम गर्ने माझीटारे जस्ता नोकरले खेप्नु पर्ने समस्याजस्ता परिवेश यहाँ प्रस्तुत गरिएको छ। यात्राका क्रममा काठ गोदाममा काम गर्ने मानिसको बाध्यताको प्रसङ्ग र देशमा वनजङ्गल फडानी भएको प्रसङ्गमा वार्तालाप भएको छ। सरकारी कर्मचारीले गर्ने व्यवहारको प्रसङ्ग प्रस्तुत गर्दै मानवमा मानवीयता नभएको, समाजमा व्याप्त हत्या हिंसाले मानिसमा परेको असर, होटलमा बास नपाएको परिवेश सिर्जना गरेको देख्न सकिन्छ । शहरको कोलाहलबाट पर गोरेटाहरू पार गर्दै, टाकुरामा पुगेर ओह्रालो हिँड्दा तीतेपाती र बिलाउनेको धारी पार गर्दै उनीहरू एउटा गाउँमा पुग्दछन् । 'म' पात्र छोराकी आमाको दुःखद घटनाको अवस्था चित्रण गर्दै जीवन जिउन गर्नुपर्ने समस्याहरूको परिवेश निर्माण गर्दै नेपाली समाजको यथार्थको वकालत गर्न पुग्दछे । फेरि पहाड, नदी, खोला, भन्ज्याङ्ग हुँदै काठमाडौं आएको देख्न सक्दछौं । 'म' पात्र को विवाह गरिदिने कुरा आमाले गरेपछि उसले दाजुको सहायताले फेरि स्वतन्त्र जीवन बिताएको जस्ता परिवेशहरू यहाँ आएका छन् ।

यसरी उपन्यासमा पात्रहरूले नेपालका विभिन्न स्थानहरूमा फन्को मारेका छन् । दृश्यात्मक पद्धति अपनाइएकाले भौगोलिक परिवेशको प्रस्तुति गरिएको छ। कालका सन्दर्भमा उपन्यासमा घटित विभिन्न घटना तथा गतिविधिहरू तथा उपन्यासलाई दृष्टिगत गर्दा उपन्यास २०२५ पछि र २०३२ सालपूर्वको समयमा केन्द्रित भएको देखिन्छ । त्यस समयमा देशको राजनीतिक घटना, त्यस समयको समाजको यथार्थ स्थिति जस्ता निम्नवर्गीय नेपाली जनताको अवस्थाको प्रस्तुत गरिएको छ । नेपाली महिलाले पनि पुरुषसरह स्वतन्त्रताको आशा देखाएर उपन्यास आशावादी सुखान्तक प्रभाव छाड्न सफल छ ।

### ४.३.२.४ दृष्टिविन्दु

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा सम्पूर्ण कथयिता बनेर उपन्यासकै चरित्र 'म' पात्र आएकी छ । यहाँ 'म' पात्रले उपन्यासभित्र बसेर प्रमुख पात्रको भूमिका निर्वाह गरेकी छे । 'म' पात्र यात्रा गर्ने क्रममा त्यहाँ पुगेर विभिन्न मानिसहरूसँग उसको

भेट भएको छ। त्यस क्रममा 'म' पात्रले आफ्नो विचारहरू राखेकी छ। यहाँ 'म' पात्रलाई उपस्थित गराई एवम् पारिजातले आफ्नो यात्राको वर्णन र त्यसको प्रभाव प्रस्तुत गरेको भान हुन्छ। यात्रा गर्दा नेपाली समाजमा रहेका विकृति र विसङ्गतिहरू नियाल्दै स्वस्थ समाजको कल्पना गर्न आफ्नो निजी कुराहरूको वर्णन गरेफैँ उपन्यासमा आन्तरिक दृष्टिविन्दु अन्तर्गत केन्द्रिय दृष्टिविन्दुको प्रयोग गरिएको छ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा 'म ' पात्र आर्थिक र शैक्षिक रूपमा सक्षम नारी पात्रको रूपमा रहेकी छ। दुई वर्षसम्म विद्यालयमा अध्यापन गरेकी उसले त्यस समयमा छोरीले कमाएको पैसा बुवाआमाले खर्च गर्न इन्कार गरेपछि बूढीआमाको साथमा देशका विभिन्न ठाउँको भ्रमण गर्दछे यस क्रममा नेपाली समाजको यथार्थ अवस्थाको ज्ञान पाउँछे। समाजमा रहेका समस्या समाधान गर्न प्रत्येक मानिस सचेत रहनु पर्ने सबै मानिसले निम्नवर्गीय मानिसको यथार्थता देख्नु पर्ने र त्यसबाट छुट्कारा गराउनु पर्ने जस्ता चाहना व्यक्त गर्दछे। 'म' पात्र यात्रा गरेर फर्कंदा आमाले छोरीको विवाह गर्ने विचार राख्दछे। 'म' पात्रले स्वतन्त्र जीवन बिताउन चाहेको कुरा राखेपछि दाइले फेरि अरू ठाउँको भ्रमण गर्ने अनुमति दिँदा खुसी हुन पुग्दछे।

यसरी हेर्दा उपन्यासको चिन्तनदेखि सामान्य अनुभवसम्म पनि 'म' पात्रकै माध्यमबाट व्यक्त गरिएका छन्। उपन्यासकार 'म' पात्रका रूपमा उपन्यासमा आएकी छन्। उपन्यासकारका विचार र जीवनदर्शन पनि 'म' पात्रबाटै व्यक्त भएका छन्। त्यसैले यस उपन्यासमा केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ।

### ४.३.२.५ उपन्यासको भाषाशैली र अभिव्यक्ति सौन्दर्य

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको भाषा सरल, सहज एवम् वर्णनात्मक देखिन्छ। 'तोरीबारी, बाटा र सपनाहरू उपन्यास अन्य औपन्यासिक उपकरणका दृष्टिले केही कमजोर भए पनि यसमा भाषागत अभिव्यक्ति सौन्दर्य र लालित्यको राम्रो निर्वाह भएको पाइन्छ। विचारमा क्रमशः सशक्तता ल्याउन थालेको पारिजातको कवि स्रष्टा भावुक भएका समयमा 'म' पात्रमार्फत, निस्केका उद्‌गारहरू, भाषागत अभिव्यक्ति सौन्दर्यका सुन्दर नमूना बनेको देखिन्छ। जस्तैः "जोडाजोडा पहेँला पुतलीहरू उड्‌दैबस्दै गरिरहेका छन्, मानौं तोरीको फूल नै उडिरहेको छ कि? एउटा राम्रो दृश्य देख्नु पनि

उपलब्धिको जीवन हो" (पारिजात, २०३३ : १७-१८)। कवित्वपूर्ण शैलीगत विशेषता झल्काउने उदाहरणका रूपमा "खोजी पत्ता लगाउनु एउटा जङ्गलको जोगी भएर बस्नु ओडारहँदो डाँका भएर घुमिहिँड्नु अथवा गुरिल्ला योद्धा भएर दाउ छोपी हिँडनु, रूखका कापहरूबाट" (पारिजात, २०३३:१४)। यस उपन्यासको भाषा शैली अत्यधिक गाउँले आबाल वृद्ध वनिताहरूले प्रयोग गर्ने किसिमको स्वाभाविक र व्यावहारिक पाइन्छ। जस्तो 'तेरा बजिया भागेर जानेको छोरो, तेरो बावु उतै स्वास्नी लिएर बस्छ" (पारिजात, २०३३ : २२)। पारिजातको भाषाशैलीमा विम्बात्मकता र प्रतीकात्मकताले सधैं स्थान पाउँछन्। शोषण र गरीबीले असमयमै बूढो भएको नेपाली जीवनलाई अङ्ग्रेजी दन्त्यकथामा जोडी यसरी प्रतीकात्मक अभिव्यक्ति दिएकी छन्- "उहिले उहिले पढेका अङ्ग्रेजी दन्त्यकथा सम्झना आउँछ। सागरको कुरुवा बूढो तर लोभलाग्दो दाह्री भएको। मलाई सोध्न मन लाग्छ दाह्री कहाँ फाल्नु भो" (पारिजात, २०३३ : ११) उपन्यासको पाना पल्टिएजस्तै ऊ एक हातमा क्लियोप्याट्रा ह्वीस्कीको बोतल र एक हातमा रित्तो गिलास लिएरभित्र पस्छ ( पारिजात, २०३३ : २२)। त्यस्तै बोली नै कति खरो छ बाँस पड्केको जस्तो, सुइरोजस्तो तीखो डर (पारिजात, २०३३ : ३२)। यसरी विभिन्न विम्ब, प्रतीक उखान र युक्तिहरूको प्रयोगले नै यस उपन्यासको प्राणप्रतिष्ठा गरेको पाइन्छ।

पात्रका स्तरअनुसारको भाषा प्रयोग गरिएकाले उपन्यासको भाषा सर्वसाधारणले पनि सजिलै बुझ्न सक्ने रहेको छ। झर्रा नेपाली शब्दको प्रयोगले सरल स्वाभाविक र गतिशील बनेको छ। विभिन्न संस्कृत शब्दहरूका साथै विभिन्न भाषाहरूबाट आएका आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ त्यस्ता शब्दहरू नेपाली बोलचालका शब्दहरू नै रहेको देखिन्छ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा संस्कृत भाषाका विविध पद, पदावलीहरूको प्रयोग गरिएको पाइन्छ।

**संस्कृत शब्दहरू**

शिथिल, जंगल, मध्यान्ह, विदेश, ठेक्का, आतङ्क, मिर्गी, महोदय, नीरवता, पुस्तकालय, गुराँस, बजिया, ताल्चा, चमेना, परदेश, कछाड, खाट, हरूवा, दुखान्तक, महुवा, गुन्द्रुक, आग्लो आदि संस्कृत पद तथा पदावलीहरूको प्रयोग गरिएको छ। ती

शब्दहरू नेपाली जनजिब्राले बोलचालमा ल्याइसकेका शब्दहरू रहेका छन्। तोरीबारी, बाटा र सपनाहरू उपन्यासमा विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरूको प्रयोग पनि निकै मात्रामा गरिएको छ। त्यस्ता आगन्तुक शब्दहरू अधिकांश अङ्ग्रेजीका छन् भने अन्य भाषाबाट केही शब्दहरू पनि प्रयोग गरेको देखिन्छ जस्तै :

**अङ्ग्रेजी शब्दहरू**

सिनेमा, गुडबाई, कोकाकोला, प्याकेट, ब्राण्ड, याक, अपटुडेट, अफिस, ड्राइभर, फण्टा, स्वेटर, लेभेन्डर, ड्रिजेल, ट्रक, लाइटर, रेजिस्ट, नेशनल ट्रेडिङ्ग, क्लियोपाट्रा ह्विस्की, गेस्ट हाउस, अन्डरएस्टिमेट, कलेज यूनियन, लालटेन, पुलिस, डबल चार्ज, ग्यारन्टी, साइकल, रिक्सा, मोटर, जुलुस, प्वाइन्ट आदि

**फारसी शब्दहरू**

शहर, सिपाही, जासूस, चश्मा, बुज्रुक्याँइ, रेशमी, इमानदार आदि। 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासममा झर्रा नेपाली शब्दहरूको पनि प्रयोग गरिएको छ। नेपाली ठेट तथा अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासको भाषालाई गतिशील बनाएको छ। रिमरिम, खुसुक्क, फनक्क, फिस्स, चटक्क, कुत्कुत्याउनु, मुसुक्क, प्याच्चै, छक्क, फिसिक्क, सिरिङ्ग, किरकिर, डयाम्मै, झसङ्ग, खलङबलङ, घुतुमुने बूढाबा, गफाष्टक, झुत्रेझाम्रे आदि ठेट नेपाली शब्द र अनुकरणात्मक शब्दहरूको अत्यधिक प्रयोगले भाषिक सौन्दर्यमा अभिवृद्धि गरको छ।

द्वित्व शब्द र निपातहरूको प्रयोगले 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको भाषालाई सरस र सहज बनाएको देखिन्छ फर्कूं फर्कूं, किरकिर, नरनारी, मीठा मीठा, सिलसिला, कुतकुती, हाकाहाकी हल्लाखल्ला आदि द्वित्व शब्दहरू र क्यारे, नि, त, रे, पो, क्या, कि कठै, छि, बरा, ए जस्ता निपातहरूको प्रयोगले यस उपन्यासको भाषालाई मीठो र बोलचालयुक्त बनाएको छ।

उखानटुक्का भाषाका अमूल्य सम्पत्ति हुन्। उखानटुक्काले भाषालाई सङ्क्षिप्त र प्रभावपूर्ण बनाउँदछ। यिनको प्रयोगले भाषामा चमत्कार सिर्जना हुन्छ। पारिजातले यस

उपन्यासमा आवश्यकतानुसार ठाउँठाउँमा उखानटुक्काको  प्रयोग गरेर भाषालाई सिँगार्ने काम गरेकी छन् । सागरको बूढो कुरुवा, ह्यामिंगवेको बूढोमान्छे, दशा लागेको बेला खाली बन्दूक पनि पड्कन्छ, अगुल्टाले हानेको कुकुर बिजुली चम्कदा तर्सिन्छ, शो ग्लासभित्रको रंगीन माछा, रातो डोरी, मेरा बाह्र छोरा तेह्र नाति लड्छन् आदि उखान र टुक्काको प्रयोग गरेकी छन् । यात्रा गर्दा बाटामा तोरीबारीको सुन्दरता देखेपछि 'म' पात्र र बूढीआमाका संवाद यस्तो रहेको छ : "अब यहाँबाट हामी पैदल हिँड्नुपर्छ बूढीआमा ।" ऊ आफ्नो आँखाहरूले टाढाटाढासम्म हेरिसक्छे र ओठ लेवारेर हेर्छे ।

"भन्नुहोस् न बाघ बूढो र स्याल तन्नेरी ।"

ऊ मन भित्रभित्रै कम्मर कसिसक्छे ।

"ए बूढीआमै हो ……… हामी त एउटा कथित मायापुरीमा आइपुग्छौं ।"

"हँ …… यो ठाउँको नाम मायापुरी ?"

"बोर नगर्नुस् न बूढीआमा "

"मेरी आमोइ कस्तो प्याँलपुर फुलेछ हँ तोरी !"

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास यात्रावर्णनमा आधारित छ । यहाँ पारिजातले 'म' पात्रको माध्यमबाट कतै वर्णनात्मक शैलीबाट र कतै संवादको प्रयोगबाट तत्कालीन नेपाली समाजको यथार्थता र वर्गीय द्वन्द्वको यथार्थ तसबीर खिचेकी छन् । संवाद हुनुपूर्व एवम् पछिका कतिपय प्रसङ्गहरू उपन्यासकार स्वयंले 'म' पात्रमार्फत वर्णन गरेकी छन् । प्रत्येक परिवेशमा फरक फरक चरित्रलाई ल्याउँदै पात्र सुहाउँदा सरल र छोटा संवादहरूको नै प्रयोग गरिएको छ । यसका साथै संवादमा बोलचालको भाषा प्रयोग गरिएको हुनाले सहजता र स्वाभाविकता पाइन्छ । निम्नवर्गीय, अशिक्षित पात्रहरू बीचको संवादमा सरल र बोलचालको अनौपचारिक भाषाको प्रयोग गरिएको छ । 'म' पात्रसँगै यात्रामा निस्केकी बूढी आमैलाई आफ्नो घर छोड्दा कुनै अप्ठयारो त परेन भन्दै यस्तो भन्न पुग्दछे :

"आउन त आयौं आमै, तिम्रो अम्लिसोधरी, उत्तिसधारी, निबुवाका बोटहरू माया लाग्दैन" "लागेर के गर्नु नै, राँडी बूढीको ज्येथा कसको आँखामा बिझ्दैन र? अस्ति भाइकहाँ हप्ता दिन बसेर आउँदा जेठाजुका छोराहरू

मिलेर मेरो घरमा ताल्चा मारिदिएछन् । सोध्न गएकी थिएँ, "बूढिया तिमी मरेपछि काजकिरिया त हामीले गर्नुपर्छ" भन्दै कराउन लागे ।"

"झगडा गरिनौ त?"

"कहाँ गर्ने ? पञ्चायतको सतासी पनि त्यतै मिलेको छ रे ।"

यसरी उपन्यासमा पात्र सुहाउँदा । सरल, सरस, छोटा, मीठा संवादहरूको प्रयोग गरेर उपन्यासकारको उपन्यासको कथानक र चरित्रचित्रणमा यथार्थता ल्याउने काम गरेकी छन् ।

उपन्यासको सफलताका लागि कथनशैली सहायक देखिन्छ । निम्नवर्गीय सर्व साधारण व्यक्तिहरूले प्रयोग गर्ने सरल र सहज भाषाशैली यसमा प्रयोग गरिएको छ । यसका साथै उखान टुक्का, निपात एवम् द्वित्व शब्द र सामान्य बोलचालको भाषा प्रयोगले उपन्यासमा शिल्पसौन्दर्यको सृष्टि भएको देखिन्छ । धेरैजसो पात्रहरूको भनाइमा सरलता र सहजता पाइन्छ भने 'म' पात्र र काठगोदाममा काम गर्ने केटाको भनाइमा विचारको गहनता र दार्शनिकता पाइन्छ । विम्बात्मक एवम् प्रतीकात्मक भाषाशैलीको प्रयोग, निम्नवर्गीय ग्रामीण चरित्रहरूको प्रस्तुति र तदनुकूल भाषा, लेखकीय निजी भाषिक शैलीको प्रयोग आदि विशेषताले गर्दा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको भाषाशैली माथिल्लो स्तरको रहेको छ ।

### ४.३.२.६ उपन्यासको उद्देश्य वा जीवन दर्शन

'तोरीबारी बाटा र सपनाहरू' (२०३३) उपन्यास यात्रा वृत्तान्तमा आधारित उपन्यास हो । यस उपन्यासमा म पात्रका माध्यमबाट त्यस बेलाको नेपाली समाजको सामाजिक अवस्थाको चित्रण गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । उपन्यासमा 'म' पात्र र बूढीआमाले देशका विभिन्न स्थानको यात्रा गर्दै त्यस समयमा समाजमा रहेका विभिन्न व्यवस्थाको चित्रण गरिएको छ । समाजमा रहेका विकृति र विसङ्गतिहरूको उपस्थापन गर्दै ती समस्या समाधानको वैज्ञानिक कारणको खोजी गर्नु पर्ने सन्देश दिन खोजिएको छ । 'म' पात्र नारी पात्र हो । त्यस समयमा महिलाले घरको मर्यादालाई नाघ्न नहुने अवस्थाको देखाउँदै 'म' पात्र दाइको सहायताले देशको विभिन्न ठाउँको भ्रमण गर्न निस्केकी छ । यसका माध्यमबाट पुरुषसरह महिलाले पनि स्वतन्त्रता पाउनु पर्ने उद्देश्य

रहेको छ। 'म' पात्र र बूढी आमै देशका विभिन्न पहाड, तराई, शहर, फाँट, खोलानाला, आदि ठाउँमा पुगेको र तोरीबारीको सुन्दरतामा मोहित भएको देखाउँदै नेपालको प्राकृतिक सुन्दरताले सम्पन्न रहेको देखाइएको छ। उपन्यासमा बूढीआमा, श्रीमान्, छोराछोरी नभई महिलाले एक्लो जीवन बिताउन गर्नुपर्ने समस्याको सङ्घर्षलाई प्रस्तुत गरिएको छ। अबला नारीलाई सहयोगको सट्टामा भएको सम्पत्तिमाथि नै आँखा लगाउने सामाजिक अवस्थाको विरोध गरिएको छ। नारीलाई पनि पुरुष सरह आत्मसम्मानले बाँच्न पाउनु पर्ने उद्देश्य राखिएको छ।

यस 'तोरीबारी बाटा र सपनाहरू' उपन्यासमा पारिजात आफू शिक्षिका भएर काम गरेकी नारी भएकोले म पात्रलाई शिक्षिकाको रूपमा उभ्याएर नारी कातरताबाट नेपाली महिला मुक्त हुन आत्मनिर्भर बन्नु पर्ने उद्देश्य राखिएको छ। उपन्यास भित्र बूढीआमाले अनाथ बच्चालाई सहयोग गरेको देखाउँदै नारीसुलभ प्रेमभावको स्पर्श ठाउँठाउँमा गरेको पाइन्छ। बूढीआमाको सम्पत्तिमा आफ्नै भतिजहरूको कुदृष्टि राखेको देखाउँदै गाउँका सामन्तीहरू उतैतिर मिलेको देखाएर नेपाली नारी संवेदना र पीडाको सङ्केत गरेकी छन्। छोरी स्वतन्त्र भएर बाहिर हिँडेको हेर्न मन नपराउने 'म' पात्रकी आमा उसको बिहे गराइदिन हतारिएकी छन् तर म पात्र फेरि जागिर खाएर ऊ आर्थिक दृष्टिले स्वावलम्बी र आत्मनिर्भर बन्न चाहना राख्दै आमाको नारीकतारता, समाजभीरुता र बिहेको प्रस्तावबाट नेपाली महिला मुक्त हुन आत्मनिर्भर बन्नुपर्ने उद्देश्य राखिएको छ।

२०३२/२०३३ साल भनेको नेपाली राजनीतिमा गाउँ फर्कले संवैधानिक मान्यता प्राप्त गरेको क्षण हो। राजनीतिक व्यवस्थाका आडमा फस्टाएको हत्या, बलात्कार, डकैती र मारमुङ्ग्रीजस्ता विकृति र आतङ्कहरूको प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य रहेको छ। नेपालीहरूले नेपालभित्रै आवागमन गर्दा पनि असुरक्षाको बोध गर्नुपर्ने, एक ठाउँबाट अर्को ठाउँमा पुग्दा स्पष्टीकरण दिनुपर्ने जस्ता विकृति विस्तार भएका तथ्यलाई पनि निराकरण गरिनुपर्ने स्थितिको उद्घाटन यस उपन्यासले गरेको देखिन्छ। सरकारी तहबाट थालिएको अभियान प्रदर्शनी र उत्सव समारोहमुखी कार्यक्रमहरू एकातिर र अर्कातिर श्रमिकहरूको अवस्था दयनीय, सुकुमबासी र बेवारिसे, सर्वहारा जनसमाजको उत्पादन गरिरहेको नेपाली समाजको चित्रण गरिएको छ। विश्वमा शिक्षाले फड्को मारिरहेको तर नेपालका दर्जनौं विद्यालय उमेरका बालकहरू टोलटोलमा दिनभर बेवारिसे पाराले भौंतारिने

अवस्थाको चित्रण गर्दै सबै नेपालका बालकहरूले शिक्षा पाउनुपर्ने कुरा प्रस्तुत गरिएको छ। उपन्यासमा काठ गोदाममा काम गर्ने केटासँगको भेट गराउँदै जीवन यापन गर्ने सीपमूलक शिक्षाको खाँचो रहेको देखाइएको छ भने अर्कातर्फ नेपालका जङ्गलको अवैध फँडानीबाट सम्पत्ति आर्जन गर्ने नेताहरू र बनमुद्दा खेप्ने चाहिँ सर्वहारा सुकुमबासीहरू अन्य व्यवस्थित बसोबासको प्रबन्धमा पैसा कमाउने दलालहरू तर त्यसको दण्ड भोग्ने किसानहरू भएको नेपालको तत्कालीन विसङ्गतिलाई उपन्यासले आद्यन्त असचेत र अराजक, असन्तुष्टि र विद्रोहमा उतारेको छ।

होटेलवाल्नीका माध्यमबाट देवदेवताको अस्तित्व, मूर्तिपूजन, आराधना, अर्चना गरिने कामलाई आलोचनात्मक रूपमा देखाइएको छ। यस समाजको विकृतिपूर्ण परम्परामा एकातिर मूर्तिपूजा गरिने र अर्कातिर मूर्तिहरूको अवैधता देखाउँदै त्यस्तो हुन नहुने भनिएको छ। भारतीय शैलीमा सारी लगाएको सन्दर्भ देखाउँदै गाउँका सोझा नारीहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ। यसबाट एकातिर नारीअस्मिताको संरक्षण र अर्कातिर नारीको विनिमय गरिने यथार्थ यस उपन्यासको उद्देश्य रहेको छ।

तत्कालीन राजनीतिक व्यवस्थाका आडमा दलालहरूको आतङ्क फैलाए पनि समाजमा उन्नति र प्रगतिको आँकडा उच्च भएको कुरा पेश गर्दथे। समाजका पीडित र शोषित वर्गले विद्रोहात्मक मानसिकतामा उभार ल्याउनुपर्ने सन्देश उपन्यासले छरेको छ। होटेलमा काम गर्ने मजदूर (नोकर) को दयनीय अवस्था देखाउन उपन्यासमा रोगको भीषण आक्रमण भोग्ने माझीटारेका माध्यमबाट आर्थिक विषमतलाई देखाउँदै गरीबले पनि आत्मरक्षाको लागि सामूहिक रूपमा आफै उठ्नु पर्ने भन्दै 'म' पात्रले आफूसँग भएको बीस रूपैया दिएर अन्डा खान भन्न पुग्दछे। देशमा रहेको यस्तो समस्याको समाधानमा गरीबको पक्षमा कोही नबोल्ने र गरीबहरू नै आफ्नो हकका निम्ति लड्नु पर्ने उद्देश्य यस उपन्यासमा रहेको छ। लोग्ने घरबाट भागेर श्रीमतीलाई एक्लै छाडेर पनि समाजले त्यसको विरोध नगर्ने तर छोराछोरी पाल्न महिलाले गर्नुपर्ने सङ्घर्ष देखाउन छोराकी आमालाई उपस्थित गराएर महिलाहरू 'म' पात्रको जसरी आत्मनिर्भर रहनु पर्ने यसको लागि नारीहरूले सक्षम भएर सङ्घर्ष गर्नुपर्ने उद्देश्य रहेको छ।

'म' पात्र यात्राबाट फर्केपछि उसको विवाह गर्न 'म' पात्रकी आमा हतारिएको देखाउँदै महिला नै महिलाका बाधक रहेको देखाइएको छ। 'म' पात्रले विवाह नगरी

आत्मनिर्भर भएर रहने अवस्थाको चित्रण गरिएको छ। नारीका निम्ति स्वतन्त्रता र पूर्ण अधिकारको कानून बनाउने तत्कालीन अधिकारीहरूले विवाह, विचरण र व्यवहारमा स्वतन्त्रताको उपयोग गर्न सक्ने अवस्था प्रदान नगरेको देखिन्छ।

यसरी नेपाली समाजमा विद्यमान विविध समस्यालाई प्रस्तुत गरिएको छ। देशको सामाजिक आर्थिक, राजनीतिक, प्रशासनिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा देखापरेका विकृति, विसङ्गति अन्याय, अत्याचार, दुराचार प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य रहेको छ र समाजमा वर्गीय द्वन्द्व रहेको देखाउँदै सर्वहारा वर्गको मुक्तिका लागि सामूहिक रूपमा सङ्घर्ष गर्नु पर्ने उद्देश्य राखिएको छ। यस उपन्यास विश्वजनीन प्रकृतिको प्रयोग भएको छ।

## परिच्छेद पाँच

## उपसंहार

पारिजात नेपाली साहित्यकी महत्त्वपूर्ण महिला साधिका हुन् । यिनको जन्म वि. सं. १९९४ साल वैशाख महिनामा दार्जिलिङको लिङ्गिया चियावगानमा भएको थियो । दार्जिलिङ्गमा बाल्यकाल बिताएकी पारिजात वि.सं. २०११ सालमा काठमाडौं प्रवेश गरेकी थिइन् र जीवनभर नै नेपाललाई कर्मभूमि बनाएकी पारिजातले वि.स. २०१३ सालमा 'धरती' पत्रिकामा कविता छपाएर नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ । न्युमोटाइट अर्थराइटिस नामक बाथरोगले अक्रमण गरेको पारिजात जीवनभर शारीरिक रूपमा अशक्त बन्न पुगिन् । जीवनमा विभिन्न समस्यासँग सङ्घर्ष गर्नु परेको पारिजातले शुरुमा जीवनलाई विसङ्गत देख्दै विसङ्गतिवादी साहित्य सिर्जना गर्न पुगेको देखिन्छ । पछि प्रगतिशील साहित्यकारहरूसँगको सम्पर्कले जीवनलाई सारपूर्ण देख्न थालिन् । अतः उनले नेपाली साहित्यमा प्रगतिवादी साहित्यिका धारलाई उचाइमा पुऱ्याएकी छन् ।

यसरी शारीरिक रूपमा दुर्बल र असक्षम भए तापनि मानसिक रूपमा सदा सशक्त र क्रियाशील पारिजात नेपाली साहित्य, विभिन्न सामाजिक र शैक्षिक प्रतिष्ठान, सङ्गठन र समितिहरू तथा राजनीतिमा समेत सक्रिय रहँदा रहँदै वि.सं. २०५० साल वैशाख ५ गते बिहान ४ बजे काठमाडौंको वीर अस्पतालमा आफ्नो भौतिक देह समाप्त गर्न पुगिन्, तर नेपाली साहित्यमा भने अमर हस्तीका रूपमा रहेकी छन् ।

पारिजात साहित्यका प्रायः सबै विधाहरू कथा, उपन्यास जस्ता आख्यानविधा र आत्मसस्मरण जस्ता विधाहरूमा कलम चलाएर चर्चित बन्न पुगेकी छन् । कविता विधाबाट साहित्यको यात्रा शुरु गरे तापनि उनले कथा र उपन्यास विधामा सफलता प्राप्त गरेको देखिन्छ यसमध्ये पनि उनको उत्कृष्टता प्राप्त गरेको विधा उपन्यास नै हो । उनका 'शिरीषको फूल', 'महत्ताहीन', 'बैंसको मान्छे', 'तोरीबारी, बाटा र सपनाहरू', 'अन्तर्मुखी', 'उसले रोजेको बाटो', 'पर्खालभित्र र बाहिर', 'अनिँदो पहाडसँगै', 'पारिभाषित

आँखाहरू' र 'बोनी' गरी दश ओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनको उपन्यास यात्रालाई चार चरणमा विभाजन गर्न सकिन्छ । उनका उपन्यासहरूलाई विसङ्गतिवादी, अस्तित्ववादी, नवअराजकतावादी, समाजवादी यथार्थवादी (प्रगतिवादी) र पथविचलनको अवधि, भनेर उनको प्रवृत्तिका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

पारिजातको उपन्यासयात्रामा समाजवादी यथार्थवादी (प्रगतिवादी) धाराको शुरुआत गर्ने 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यास हो । यस उपन्यासको युगीन पृष्ठभूमि युगौंदेखि समाजमा व्याप्त वर्गीय द्वन्द्व र शोषण नै रहेको छ । यसभन्दा पहिलाका उपन्यासमा मृत्युबोधी चेत भएकामा यस उपन्यासमा जीवनमुखी बन्दै गएको देखिन्छ । त्यस समयको राजनीतिक घटनाक्रम तथा आफ्नो स्वास्थमा आएको सुधारले गर्दा पारिजातले मार्क्सवादको अध्ययन गर्न पुगेको देखिन्छ । 'बैंसको मान्छे', उपन्यासले तोड्न नसकेको मानवविरोधी प्रवृत्तिलाई तोड्दै समाजवादी यथार्थतर्फ लागेको देखिन्छ । यसै सन्दर्भमा नेपालीहरूले भोगको कष्ट, अभाव पीडाजस्ता भोगाइ प्रस्तुत गरेर तत्कालीन युगीन धरातललाई यस उपन्यासले कलात्मक रूपमा चित्रण गरेको छ ।

पारिजातलाई प्रगतिवादी उपन्यासकारका रूपमा प्रवेश गराउने 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको प्रथम प्रकाशन २०३३ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट भएको हो । प्रकाशनका दृष्टिले चौथो र औपन्यासिक यात्रा क्रमको तेस्रो चरणको पहिलो उपन्यास हो । यस उपन्यासलाई 'पारिजातका सङ्कलित रचनाहरू, ग्रन्थ एक, अन्तर्गत निर्माण प्रकाशनले पुन प्रकाशन गरेको छ । 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको शीर्षक विधान तोरीबारी आत्मपरक संवेदनाको प्रद्योतन गर्ने तत्त्व, बाटाहरू जीवनका यात्रा विचरण गर्ने यथार्थ मार्गहरू र सपनाहरू उक्त मार्गबाट यात्रा गर्दा पुगिने रङ्गीन गन्तव्यका स्रोतहरू रहेको छ । 'म' पात्रले यात्रा गर्दा तोरीबारीको यात्रा विचरण गरेको, भ्रमणका क्रममा नेपालका विभिन्न बाटाहरूमा पुगेको र नेपाललाई सुन्दर बनाउने, नारीलाई पुरुषसरह मुक्तिको आह्वान गर्ने सपनाहरू आएको सन्दर्भमा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको शीर्षक सार्थक र औचित्यपूर्ण रहेको छ ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको संरचना लघु आकारमा रहेको छ । यो उपन्यास ७५ पृष्ठमा संरचित छ । उपन्यासको कथानक यात्रावृत्तान्तमा आधारित रहेको

छ । यो उपन्यास कुनै पनि अङ्कमा र परिच्छेदमा विभाजन गरिएको छैन । उपन्यासको भूमिकामा नै पारिजात स्वयम्ले उपन्यासमा एब्स्ट्रयाक्ट भएको र यो उठाउनाका खास कारण रहेको भन्ने कथनबाट बाह्य संरचना त्यति सबल नभएर पनि त्यसको वस्तुसङ्गठनमा त्यति असर परेको छैन ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको आन्तरिक संरचनालाई हेर्दा मुख्य पात्र 'म' ले देशका विभिन्न स्थानको भ्रमण गर्दै अनेकौं अनुभवहरू बटुलेर अधिकार प्राप्तिका लागि गर्नुपर्ने सङ्घर्षजस्ता वस्तुसन्दर्भलाई नै उपन्यासको कथानक बनाइएको छ । यस उपन्यासमा 'म' पात्रको माध्यमबाट देशको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा देखा परेका विकृति, विसङ्गति, अन्याय, अत्याचार दुराचारको प्रस्तुति गराइएको छ । यसरी यस उपन्यासको कथानक सामाजिक यथार्थमा आधारित रहेको छ । कथानकको आङ्गिक विकासलाई हेर्दा आदि, मध्य र अन्त्य मा विकसित भएको अर्थात् रैखिक ढाँचाको छ । 'म' पात्र र बूढीआमा यात्रामा निस्केपछिका घटनादेखि होटलमा सिपाहीसँगको भेटेसम्मका कथानक यस उपन्यासका आदि भागमा रहेका छन् । यात्रा गर्दा नेपाली समाजमा रहेका चरम विकृति र विसङ्गतिको प्रस्तुत गरिएको कथानकमा सिपाहीले आत्महत्या गरेदेखि यात्राबाट घर फर्कने अवस्थासम्मका घटना मध्यभागमा रहेका छन् भने अन्त्य भागमा एक डेढ महिने यात्रा सकेर घरफर्के पछि नारीजातिका मुक्तिका लागि आमूल परिवर्तनको पक्षमा रहेको कथानक अन्त्य भागमा रहेको छ ।

तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको कथानकमा प्रशस्त मात्रामा द्वन्द्व र कुतूहलता प्रदान गरेको छ । उपन्यासमा सिङ्गो कथानक नभए तापनि विभिन्न परिवेश र विभिन्न घटनाहरू उपस्थित गरेर कलात्मक प्रस्तुति गरेकाले यस उपन्यासमा अब के हुन्छ ? भन्ने कुतूहलता रहेको छ । द्वन्द्वका दृष्टिले हेर्दा 'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा आन्तरिक द्वन्द्वभन्दा बाह्य द्वन्द्वको प्रयोग गरेको देखिन्छ । यात्राका क्रममा विभिन्न पात्रका माध्यमबाट मानिस र मानिसको बीचको द्वन्द्व, मानिस र समाजका बीचको द्वन्द, समाज र समाजबीच भएको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । खास गरी यस उपन्यासमा सम्पन्न वर्ग र निम्न वर्गका मानिसको बीचको द्वन्द्व देखाइएको छ ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा प्रमुख, सहायक र गौण चरित्रको प्रयोग गरिएको छ । यसमा गतिशील, गतिहीन, वर्गीय र व्यक्तिगत, नारी र पुरुष, मञ्चीय र नेपथ्यीय, अनुकूल र प्रतिकूल आदि विविध किसिमका चरित्रहरूको प्रयोग गरेको पाइन्छ । यस उपन्यासकी प्रमुख चरित्र 'म', नारी हो । ऊ गतिशील र वर्गीय जीवनचेतना भएकी चरित्र हो । सहायक चरित्रहरूको रूपमा बूढीआमा, 'म' पात्रको दाइ, 'म' पात्रकी आमा, काठ गोदाममा काम गर्ने केटो, माझीटारे, ट्याक्टर ड्राइभर 'म' पात्रकी साथी आदि पर्दछन् भने गौण पात्रहहरू होटल मालिक, होटलका मानिस, गणेशबहादुर, सारङ्गी बजाउने, गाइने, भान्से दिदी, 'म' पात्रको भाइ भाउजू, पुलिस, भरिया, मानबहादुर सरकारी जीपको मानिस, हाकिम, आत्महत्या गर्ने सिपाही रहेका छन् ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको परवेशलाई हेर्दा कार्यव्यापारघटित भएका नेपालका विभिन्न स्थानहरू रहेका छन् । उपन्यासको भूमिकामा नै पारिजातले ठाउँहरूको कुनै खास नाउँ छैन, समतल, पहाड, शहर, गाउँ भनी बुझ्न आग्रह गरेबाट यसको परिवेशलाई बुझ्न सघाउँछ । कालक्रमिक सन्दर्भमा पारिजात राल्फा कालमा देशका विभिन्न ठाउँको यात्रा गर्दाको समयको सङ्केत भए तापनि यस उपन्यासमा एक डेढ महिनाको देशदर्शन र घरफर्के पछिका केही दिनहरू रहेको देख्न सकिन्छ । नेपाली समाज पहाड, तराई, गाउँ, शहर आदि वातावरणमा केन्द्रित यस उपन्यासको कथानक कारुणिक भए तापनि उपन्यासको अन्त्यमा ध्वन्यात्मक सङ्केतको प्रयोग गरेर सुखान्तक रहेको देखिन्छ ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा प्रथमपुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । यात्रावर्णनमा आधारित उपन्यास भएकाले 'म' पात्रलाई भोक्ता पात्रभन्दा द्रष्टा पात्रका रूपमा समाजमा घट्ने टुक्रा टुक्री कथानकलाई निश्चित पात्रहरूको सिर्जना गरी 'म' पात्रका माध्यमबाट कथानकअगाडि बढाइएको हुनाले केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । उपन्यासमा प्रस्तुत चरित्रको मानसिक भाव, संवेग र अनूभूतिलाई 'म' पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासमा भाषा शैलीको राम्रो प्रयोग भएको देखिन्छ । उपन्यासमा भाषागत अभिव्यक्ति सौन्दर्य र लालित्यको राम्रो निर्वाह भएको

पाइन्छ। टुक्राटुक्री कथानक सूत्र र चरित्रनिर्माणमा उत्कृष्ट नभए तापनि कवित्व शक्तिको प्रयोग, विम्बात्मक, र प्रतीकात्मक भाषा शैलीको प्रयोग गरेको देखिन्छ। यसको भाषा सरल रहेको छ। संस्कृत मूलका शब्दहरू अधिक प्रयोग गरिए तापनि बोलचालका शब्दहरू रहेका छन्। अन्य विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरूको प्रयोग पनि गरिएको छ। उपन्यासमा विम्ब र र प्रतीकका माध्यमबाट उखान टुक्काको प्रयोग गर्दै आलङ्कारिक भाषा, झर्रा अनुकरणात्मक र द्वित्व शब्दहरूको प्रयोग गरिएको छ।

'तोरीबारी, बाटा र सपनाहरू' उपन्यासको उद्देश्य आर्थिक रूपले असमान नेपाली समाजमा युगौंदेखि वर्गीय द्वन्द्व रहेको पर्यवेक्षण गर्दै समाजका शोषित, पीडित जनताका पक्षमा आवाज उराल्दै तिनको मुक्तिका लागि सामूहिक रूपमा प्रतिबद्ध हुनुपर्ने चाहना रहेको छ। नेपाली समाजको यथार्थको उद्घाटन गरेर त्यहाँ भएका विकृति र विसङ्गतिलाई हटाउँदै स्वस्थ समाजको कल्पना गर्दै यसका लागि व्यापक जनचेतना जगाउनुपर्छ भन्ने जस्ता उद्देश्य रहेका छन्।

निष्कर्षमा यो उपन्यास पारिजातको औपन्यासिक यात्राको तेस्रो चरणको प्रथम उपन्यास हो। यसभन्दा पूर्व उनले अस्तित्ववादी धारा र अराजकतावादी धारामा उपन्यास लेख्ने गरेको देखिन्छ। यस उपन्यासमा आइपुग्दा पारिजातले मार्क्सवादतर्फको गहन अध्ययन गर्दै समाजलाई वर्गीय दृष्टिले व्याख्या गरिएको देखिन्छ। समाजमा रहेका विकृति र विसङ्गतिहरूको उद्घाटन गर्दैं स्वस्थ, सुन्दर र समतामूलक समाज निर्माण गर्नामा प्रयासरत रहेको देख्न सकिन्छ। केही समालोचकहरूले आलोचनात्मक यथार्थवादी उपन्यास भन्ने गरेको पाइए तापनि यस उपन्यासकी नायिका प्रचलित मूल्य/मान्यता र शोषणका विरुद्ध खडा छ। जीवनका नयाँनयाँ सपना देख्छे। शोषितवर्ग एवम् नारीजातिका मुक्तिका निम्ति आमूल परिवर्तनको पक्षमा रहेकाले यस उपन्यासलाई समाजवादी यथार्थवादी उपन्यासका रूपमा हेर्न सकिन्छ।

# सन्दर्भ सूची


अधिकारी, राजुराज (२०६५), "घनचक्कर उपन्यासको कृतिपरक अध्ययन", अप्र. शोधग्रन्थ- पृथ्वीनारायण क्याम्पस, पोखरा ।

कुँवर, उत्तम (२०५०), **स्रष्टा र साहित्य,** ललितपुर : साझा प्रकाशन ।

घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली (२०६४), **आख्यानकार पारिजात,** काठमाडौं : हजूरको पुस्तक संसार ।

चापागाईं, निनु र खगेन्द्र सङ्ग्रौला (२०५१), **पारिजात स्मृति ग्रन्थ,** काठमाडौं : पारिजात स्मृतिकेन्द्र ।

ज्ञवाली, रामप्रसाद, (२०५१), **पारिजातको सिर्जनाकारिता अध्ययन सङ्क्षिप्त विश्लेषण तथा मूल्याङ्कन**, जम्को प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग : २** ललितपुर : साझा प्रकाशन ।

पाण्डे, भवानीप्रसाद (२०६४), **पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद,** काठमाडौं : अल्टिमेड मार्केटिङ् प्रा.लि. ।

पारिजात, (२०५४) **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ १-६,** सिक्किम : निर्माण प्रकाशन ।

पौडेल, नानीमाया (२०५५), "पारिजातका उपन्यासमा विसङ्गतिवाद", अप्र. शोधग्रन्थ पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पौडेल, विष्णुप्रसाद (२०६८) **उपन्यास समालोचना (प्रवृत्ति र विश्लेषण)**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन ।

प्रसाई, नरेन्द्रराज (२०५७), **पारिजातको जीवनकथा,** काठमाडौं : एकता प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुरः साझा प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६३), **आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, लीला, (२०६८), **नेपाली महिला उपन्यासकारहरू,** ललितपुर : साझा प्रकाशन ।

विश्वकर्मा, बुद्धिबहादुर (२०६८), "उर्गेनको घोडा उपन्यासको प्रवृत्तिपरक अध्ययन", अप्र. शोधग्रन्थ, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), **सृजनविधाका परिधिमा पारिजात,** वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन ।